महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

## सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु

## ८०१०९४०१३००

## सोलुदुधकुण्ड नगरपालिका , सोलुखुम्बु

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८०/८१ मिति : २०८०-७-१६

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु ,
सोलुदुधकुण्ड नगरपालिका , सोलुखुम्बु

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को विनियोजन/राजस्व/ धरौटी/ अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।६।२३ मा छलफल पश्चात तयार गरिएको पाना ४८ (अठचालिस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।
कार्यालयबाट पेश भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फस्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तरदायी अधिकृत । कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

शिव प्रसाद आचार्य
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार,काठमाडौं,
info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सोलुखुम्बु,
solukhumbu.dtco@fcgo.gov.np
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी
प्रदेश,विराटनगर,मोरङ,
province1.ptco@gmail.com

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी, र न्यायिक अभ्यासलाई सस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने समग्र उद्देश्य हासिल गर्न २०७३।१२।०३ मा यस पालिकाको स्थापना भएको हो ।स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व र पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । उल्लिखित उद्देश्य हासिल गर्न १० औं नगरसभाले २०७९- २०८४ सम्मको लागि ५ वर्षे नीति तथा कार्यक्रम स्वीकृत गरी लागू गरेको छ । सोलुखुम्बु जिल्ला स्थित यस नगरपालिका अन्तर्गत वडा संख्या ११, छेत्रफल ५६५.०६ वर्ग कि.मी. र जनसंख्या २४३२३ रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।। देखि २०८०।। सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ रु. १६१०९७०४३९।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ५८९३१४।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | लेखापरीक्षणको क्रममा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक, ओभरहेड, शैक्षिक सुधार, अपुग कर लगायतका बढी भुक्तानी बापत रु. ५८९३१४।- असुली भई राजस्व दाखिला भएको छ । | ५८९३१४ |

२ **प्राप्ती भुक्तानी हिसाव**

पालिकाले प्राप्ती भुक्तानीको हिसाव देहायअनुसार छ ।

| विवरण | टिप्पणी | यसवर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझैभुक्तानी | जम्मा |
| **प्राप्ती (क+ख)** | | **७४९,५०३,८४४.४४** | **६५३,३९९,०७८.३१** | ०.०० | **६५३,३९९,०७८.३१** |
| **क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)** | | **७२२,६८५,१९२.२१** | **६२९,८७३,५८९.३१** | ०.०० | **६२९,८७३,५८९.३१** |
| ११००० कर | ११ | **१३५,१४२,०००.००** | **१०९,१९३,५८८.९४** | ०.०० | **१०९,१९३,५८८.९४** |
| १३००० अनुदान | | **५४९,९९२,५४३.००** | **५०३,५५५,०१७.३७** | ०.०० | **५०३,५५५,०१७.३७** |
| संघीय सरकार | १२ | ५१४,५८४,८४३.०० | ४७७,५११,४०१.३७ | ०.०० | ४७७,५११,४०१.३७ |
| प्रदेश सरकार | १२ | २८,२९०,०००.०० | २६,०४३,६१६.०० | ०.०० | २६,०४३,६१६.०० |
| **१४००० अन्य राजस्व** | | **३७,५५०,६४९.२१** | **१७,१२४,९८३.००** | ०.०० | **१७,१२४,९८३.००** |
| ख. अन्य प्राप्ति | | **२६,८१८,६५२.२३** | **२३,५२५,४८९.००** | ०.०० | **२३,५२५,४८९.००** |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ०.०० | ० |
| कोषहरु | | २६,८१८,६५२.२३ | २०,६६१,६६६.०० | ०.०० | २०,६६१,६६६.०० |
| धरौटी | | ० | २,८६३,८२३.०० | ०.०० | २,८६३,८२३.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ०.०० | ० |
| भुक्तानी (ग+घ) | | **८०२,४०२,३५१.२०** | **६४६,३५१,३६४.८८** | ०.०० | **६४६,३५१,३६४.८८** |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | **७७५,५८३,६९८.९७** | **६२९,४९९,५०२.०९** | ०.०० | **६२९,४९९,५०२.०९** |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ३०१,३९८,५६६.३९ | २७६,६६१,५९६.३९ | ०.०० | २७६,६६१,५९६.३९ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १५१,८४५,५८९.५८ | १३०,५३३,३५०.७० | ०.०० | १३०,५३३,३५०.७० |
| २६००० अनुदान | १८ | ० | ० | ०.०० | ० |
| २७००० सामाजिक सुरक्षा | १८ | ० | ० | ०.०० | ० |
| २८००० अन्य खर्च | १८ | ३,२००,०००.०० | २,३०८,७६२.०० | ०.०० | २,३०८,७६२.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ३१९,१३९,५४३.०० | २१९,९९५,७९३.०० | ०.०० | २१९,९९५,७९३.०० |
| घ. अन्य भूक्तानी | | २६,८१८,६५२.२३ | १६,८५१,८६२.७९ | ०.०० | १६,८५१,८६२.७९ |
| कोषहरु | | २६,८१८,६५२.२३ | १३,०९५,८५२.०० | ०.०० | १३,०९५,८५२.०० |
| धरौटी | | ० | ३,७७०,०८४.०० | ०.०० | ३,७७०,०८४.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ०.०० | ० |
| कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | | | -१४,०७३.२१ | ०.०० | -१४,०७३.२१ |
| **ङ. यो वर्षको बचत (न्युन)** | | **-५२,८९८,५०६.७६** | **७,०४७,७१३.४३** | ०.०० | **७,०४७,७१३.४३** |
| **च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)** | | | **६६,८६७,९९९.२२** | ०.०० | **६६,८६७,९९९.२२** |

| | | | | | |
|---|---|---|---|---|---|
| वर्षान्तको बाकी रकम (ङ + च) | | -५२,८९८,५०६.७६ | ७३,९२२,२१३.६५ | ०.०० | ७३,९२२,२१३.६५ |
| बैंक तथा नगद बाकी | २४ | | ७३,९१५,७१२.६४ | ०.०० | ७३,९१५,७१२.६४ |

३ **एकिकृत आ.वि.**

पालिकाको एकिकृत आर्थिक विवरणको हिसाब देहायअनुसार छ ।

| क्र.स | आय तर्फ | | | क्रस | व्यय तथा वैक मौज्दात तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | **विवरण** | रकम रु | | | **विवरण** | रकम रु | |
| **1** | **गत वर्षको जिम्मेवारी** | | **66,867,999.22** | **1** | **चालु तर्फको खर्च** | | **409,503,709.09** |
| | क) सचित कोष | 52,898,506.76 | | | क- नगरपालिका तर्फ | 105,770,416.72 | |
| | ख)धरौटी | 7,991,362.41 | | | ख- सघीय सशर्त अनुदान | 303,733,292.37 | |
| | ग) विविध खर्च खाता / कोष | 3,707,799.94 | | | | | |
| | घ) प्रकोप व्यवस्थापन कोष | 220,330.11 | | **2** | **पूँजीगत तर्फको खर्च** | | **219,995,793.00** |
| | ङ)महिला तथा वाल विकास कोष | 200,000.00 | | | क- नगरपालिका तर्फ | 162,650,943.00 | |
| | च) कर्मचारी कल्याण कोष | 1,850,000.00 | | | ख-संघीय शसर्त अनुदान | 38,358,109.00 | |
| | | | | | ग- प्रदेश सरकारवाट प्राप्त रकम | 18,986,741.00 | |
| **2** | **राजश्व(आन्तरिक आय )** | | **126,318,571.93** | **3** | **विभिन्न कोष तर्फ** | | **16,865,936.00** |
| | क-आन्तरीक कर सेवा शुल्क | **20,236,468.00** | | | क- विविध खर्च खाता/ कोष | 12,540,852.00 | |
| | ख- सघीय राजश्व | **89,138,945.61** | | | ख- प्रकोष व्यवस्थापन कोष | 555,000.00 | |
| | ग- प्रदेश सवारी कर | **8,426,534.23** | | | ग- धरौटी | 3,770,084.00 | |
| | घ- पर्वतरोहण ,विधुत र वन रोयल्टी | **8,381,919.11** | | | घ-महिला तथा वाल विकास कोष | - | |
| | ङ- विभाज्य कोष वाँडफाँट | **134,704.98** | | | | | |
| **3** | **वित्तिय हस्तान्तरण संघ** | | **500,305,165.00** | | ङ-कर्मचारी कल्याण कोष | - | |
| | क- वित्तिय समानीकरण अनुदान | 135,420,000.00 | | **4** | **अन्तर स्थानीय तहवाट प्राप्त** | | **122,161,926.00** |
| | ख-- शसर्त अनुदान | 351,184,843.00 | | | क- सामाजिक सुरक्षा | 122,161,926.00 | |
| | ग- समपुरक अनुदान | 5,021,142.00 | | **5** | **अनुदान फिर्ता** | | **23,013,425.63** |
| | घ- विशेष अनुदान | 8,679,180.00 | | | क- सघीय सरकार अनुदान फिर्ता | 22,793,763.63 | |
| **4** | **प्रदेश सरकारवाट प्राप्त अनुदान** | | **26,263,278.00** | | ख-- प्रदेश सरकार अनुदान फिर्ता | 219,662.00 | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | क.वित्तीय समानीकरण | 7,056,875.00 | | **6** | **वैक मौज्दात तर्फ** | | **73,915,712.64** |
| | ख. शशर्त अनुदान चालु | 10,225,000.00 | | | क) सचित कोष | 53,286,667.18 | |
| | ग- समपुरक अनुदान | 8,981,403.00 | | | ख) धरौटी | 7,085,101.41 | |
| **5** | **अन्तर स्थानीय तहवाट प्रास** | | **122,161,926.00** | | ग) विविध खर्च खाता / कोष | 9,978,613.94 | |
| | क- सामाजिक सुरक्षा | 122,161,926.00 | | | घ) प्रकोप व्यवस्थापन कोष | 465,330.11 | |
| **6** | **विभिन्न कोष तर्फको जम्मा** | | **23,525,489.00** | | ङ)महिला तथा वाल विकास कोष | 250,000.00 | |
| | क- विविध खर्च खाता/ कोष | 18,811,666.00 | | | च) कर्मचारी कल्याण कोष | 2,850,000.00 | |
| | ख- प्रकोष व्यवस्थापन कोष | 800,000.00 | | | | | |
| | ग- धरौटी | 2,863,823.00 | | | | | |
| | घ-कर्मचारी कल्याण कोष | 1,000,000.00 | | | | | |
| | ङ- महिला तथा वाल वाल विकास कोष | 50,000.00 | | | | | |
| 7 | **कर दाखिला वाकी** | | **14,073.21** | | | | |
| | **कुल जम्मा** | | **865,456,502.36** | | | | **865,456,502.36** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## ४ वित्तिय प्रतिवेदन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

४.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १२२१६१९२६।- सुत्रमा लेखाङ्कन गरेको छैन । पालिकाको सम्पूर्ण आर्थिक कारोवार नसमेटेको कारण सुत्रबाट तयार भएको वित्तीय विवरणले पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.२

**फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. १४,५१,८९,४२४.८३ र यस वर्षको भुक्तानी रु. १६,२०,४१,२८७.६३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४.३ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको हिसाव भिडान गरी आम्दानी खर्च र मौज्दात यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु. ६,६८,३६,५२०.२३ मौज्दात रहेकोमा यो वर्ष रु.६,६८,६७,९९९.२२ जिम्मेवारी सारेको छ । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. ३१४७८.९९ बढी जिम्मेवारी सारेको सम्बन्धमा गत वर्षको धरौटी तर्फको चेक नसाटिएको रकम समेत आम्दानी गरेको छ ।

सैद्धान्तिक बेरुजु

४.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दातको हिसाब मिलान विवरण तयार गरेको छ । स्रेस्ता र बैँक बिच फरक नदेखिएको ।

सैद्धान्तिक बेरुजु

४.५ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु. १४०७३।२१ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधि मिति २०८०।६।७ मा दाखिला गरेको छ। अत: यकिन भएको दायित्व समयमा नै दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ५ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ६ बजेट सिमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत

शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेता पनी ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना गर्नेतर्फ पादाधिकारीहरुको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाको उप प्रमुखले मिति २०७९।०३।१० मा रु. ७३ करोड २० लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०७९।०४।०६ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८ **नीति तथा कार्यक्रम कार्यान्वयन**

पालिकाले यो वर्षको बजेटसँगै दशौं नगरसभाबाट ५ वर्षको लागि नीति तथा कार्यक्रम तयार गरी कार्यान्वियन शुरू गरेको देखियो । उक्त नीति तथा कार्यक्रम मध्ये केही नीति नमुना छनौट गरी कार्यान्विनको अवस्था परीक्षण गर्दा निम्नानुसार रहेको देखिन्छ :

१. नीति तथा कार्यक्रममा कृषि उत्पादन र उत्पादकत्व वढाई आत्मनिर्भरता र व्यवसायिकता उन्मुख गराउने, पर्यटन पूर्वाधार निर्माण गरी आकर्षक पर्यटकीय गन्तव्यको रुपमा पालिकालाई विकास गर्ने प्रथमिकता उल्लेख गरे तापनि आर्थिक विकास तर्फ ३.२९ प्रतिशतमात्र खर्च गरेको देखिन्छ । डेलिभरी गभरमेण्टको अवधारणा लागू गरी सेवा प्रवाहलाई सहज, पारदर्शी, सरल र प्रविधिमैत्री वनाउने उल्लेख भएकोमा सुशासन, सँगठन व्यवस्थापन र सेवा प्रवाह तर्फ १.३३ प्रतिशत मात्र खर्च भएकोले नीतिको प्राथमिकता र वजेट व्यवस्थापन वीच उचीत तालमेल हुन सकेको देखिएन ।

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको कार्यक्षेत्रमा १ मेगावाटसम्मका साना जलविद्युत सम्वन्धि योजनाहरु समावेश गरेको देखिन्छ । पालिकाले आफ्नै स्वामित्वमा जलविद्युत आयोजना निर्माण गरी दीगो आन्तरिक स्रोतको सुनिश्चितता गर्ने विषयलाई नीतिको प्राथमिकतामा उल्लेख गरेको छ । प्राथमिकता छनौट गरेको देखिने आधार लेखापरीक्षणमा पेश नभएकोले पालिकाको लगानी क्षमता र प्रचलित कानूनसमेतको विष्लेषण गरी सम्भाव्यताको आधारमा नीति तथा कार्यक्रमको प्राथमिकीकरण गरेको देखिएन ।

३. पालिकाले ५ वर्षको नीति तथा कार्यक्रम तयार गरी कार्यान्वियनमा ल्याएको छ । यसबाट ५ वर्षमा गरिने कार्यक्रमको स्वरुप स्पष्ट भए तापनि प्रत्येक वर्ष कार्यान्विन गरिने नीति तथा कार्यक्रमको लक्ष्य निर्धारण नभएकोले यो वर्ष लक्ष्यको तुलनामा भएको प्रगति स्थितिको मूल्याङ्कन गर्न सकिएन ।

४. शिक्षा कार्यक्रम तर्फ कम्तिमा ३ वटा माध्यमिक विद्यालयलाई पर्यटन, व्यवस्थापन, कृषि र पशुपालनको विशिष्ट शिक्षालयको रुपमा रुपान्तरण गर्ने नीति तथा कार्यक्रम रहेको छ ।यस सम्वन्धमा पालिकाले गार्मा मा. वि. मा कृषि सम्वन्धि विषयको अध्यापन शुरू भएको तर पर्यटन, व्यवस्थापन तथा पशुपालन सम्वन्धि कार्यक्रमको कार्यहरुको शुरूवात हुन नसकेको जानकारी गराएको छ ।

५. सोलुखुम्बु वहुमुखी क्याम्पसलाई ५ वर्षको अवधिमा १० करोड रूपयाँ अनुदान उपलब्ध गराउने नीति अनुसार यो वर्ष ७५ लाख उपलब्ध गराएको छ। अनुदानबाट सम्पादन गरिने कृयाकलाप स्पष्ट गरी अनुदानको उपयोग सम्वन्धमा अनुगमन गर्ने प्रणाली विकास गरेको देखिएन । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा माध्यमिक तहसम्म पालिकाको क्षेत्राधिकार तोकिएकोमा क्याम्पसलाई अनुदान दिने नीतिको उपयुक्तता सम्वन्धमा नगरपालिकाले पुन मुल्याङ्कन गर्नु पर्ने देखिन्छ ।

६. नगरपालिकाका केही विद्यालय छनौट गरी कृषि तथा होटल व्यवस्थापन विषयको अध्यापन गराउने कार्यक्रम रहेकोमा विद्यालय छनौट हुन सकेको देखिएन ।

७. नगरपालिकामा रहेका प्रयोग विहीन ट्रस व्रिजहरु आवस्यकतानुसार वडाको अन्य स्थानमा स्थानान्तरण गरीने नीति रहेकोमा उपयुक्त स्थान सहित सम्भाव्यता अध्ययन तथ विस्त्रित परियोजना प्रतिवेदनको कार्य शुरू भएको देखिएन ।

८. विद्युतीय नगरबस सञ्चालन गरी नगरवासीलाई यातायात सुविधा पुर्याउने कार्यक्रम तर्फ प्रगति हुन सकेको देखिएन ।

९. नगरपालिकाको भवन निर्माण र सभाहल सहितको व्यापार परिसर (Business Complex) निर्माण गर्ने कार्यक्रम रहेकोमा नयाँ बजारमा व्यापार परिसर निर्माणको लागि ठेक्का व्यवस्था भएको र नगरपालिकाको भवन निर्माणको लागि जग्गा प्राप्तिको कार्य पूरा भएको छलफलमा जानकारी प्राप्त भएको छ ।

बजेटलाई कार्यक्रमसँग, कार्यक्रमलाई योजनासँग, योजनालाई नीतिसँग तालमेल हुने गरी वजेट तथा खर्च व्यवस्थपान, प्रत्येक वर्षको लक्ष्य निर्धारण, अनुगमन तथा मूल्याङ्कन सुचकका आधारमा उपलब्धी मापन जस्ता प्रकृया अवलम्वन गरी आवधिक योजनाका बाञ्छित लक्ष्यहरु हासिल गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ९ योजना प्राथमिकीकरण तथा छनौट

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा ७ वडाको लागि वडागत र पालिकास्तरका कुल ३२९ योजनामा रु. २१ करोड ९९ लाख ९५ हजार वजेट विनियोजन गरेको छ ।

| विवरण | योजना संख्या | रकम रु हजारमा (०००) |
|---|---|---|
| १ लाख भन्दा कम | ४७ | ३८४१ |
| १ लाख देखी २ लाख सम्म | ५२ | ८७८३ |
| २ लाख देखी ५ लाख सम्म | १०८ | ३५९५१ |
| ५ लाख देखि १० लाख सम्म | ७४ | ५९८७६ |
| १० लाख भन्दा माथी | ४८ | १११५४४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १० योजना, बजेट तथा खर्च विश्लेषण

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

**प्रगति प्रतिवेदन** - कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, प्रदेश स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको पाइएन ।

**त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | २१९९९६ | ४८९२ | १६४१० | ५२४४२ | १४६२५२ | ९२०५२ |
| प्रतिशत | | २.२३ | ७.४६ | २३.८३ | ६६.४८ | ४१.८४ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु. २१ करोड ९९ लाख ९६ हजार पुँजिगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ४८ लाख ९२ हजार (२.२३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १ करोड ६४ लाख १० हजार (७.४६ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. ५ करोड २४ लाख ४२ हजार (२३.८३ प्रतिशत) र चौथो त्रैमासिकमा रु. १४ करोड ६२ लाख ५२ हजार (६६.४८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ९ करोड २० लाख ५२ हजार (४१.८४ प्रतिशत) खर्च देखिनुले अन्तिम त्रैमासिक तथा आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । संघीय तथा प्रदेश सरकारबाट प्राप्तहुने अनुदान तथा रोयल्टी वितरणको रकम समयमा निकासका नभएकोले आषाढ महिनामा बढी खर्च भएको पालिकाको भनाई रहेको छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

**खर्च बिश्लेषणः** पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. २ करोड २ लाख ३६ हजार, गत आर्थिक वर्षको मौज्दात रु. ५ करोड ३० लाख ३३ हजार, राजस्व बाँडफाँटबाट रु. १० करोड ६० लाख ८२ हजार र अनुदानबाट रु. ५० करोड ३५ लाख ५५ हजार समेत रु. ६८ करोड २९ लाख ६ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ४० करोड ९५ लाख ४ हजार र पूँजिगत तर्फ रु. २१ करोड ९९ लाख ९६ हजार समेत रु. ६२ करोड ९५ लाख खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३. २१ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु. ९३ लाख ३२ हजार खर्च भएको छ जुन आन्तरिक आयको ४६.११ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६५.०५ प्रतिशत चालु र ३४.९५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी आन्तरिक आयभन्दा अधिक रकम प्रशासनिक प्रयोजनमा खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माण प्रयोजनमा परिचालन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्र समेटिने गरी बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | ३७९१४८४३ | २०७२६९४९ | ३.२९ |
| सामाजिक क्षेत्र | ४०३७९९३४७ | ३५६४५०६४४.५ | ५६.६३ |
| पूर्वाधार विकास क्षेत्र | २०१६५९७०० | १४२१८४३७१ | २२.५९ |
| वातावरण तथा विपद व्यवस्थापन | ११५००००० | १११७९१८० | १.७८ |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ९८१९९९९.६ | ८३७५७०६.१८ | १.३३ |
| कार्यसञ्चालन तथा प्रशासनिक खर्च | ११०८८९८०९.४ | ९०५८२६५१.४६ | १४.३८ |
| जम्मा | ७७५५८३६९९ | ६२९४९९५०२.१४ | |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५६. ६३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन क्षेत्रमा सबै भन्दा घटीमा १.३३ प्रतिशत रहेको छ । अतः पालिकाको एकीकृत, समानुपातिक र दीगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजिगत शिर्षकमा २५ प्रतिशत नबढाई रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट पूँजिगत शिर्षकमा रु. ५ करोड ५५ लाख ४४ हजार र चालु शिर्षकमा रु. २ करोड ४३ लाख ६२ हजार रकमान्तर गरेको छ । उक्त रकम शुरु वजेटको तुलनामा १०.९२ प्रतिशत हुन्छ । आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

सैद्धान्तिक बेरुजु

१२ **गत विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व मध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरी बजेट तयार गर्ने व्यवस्था छ । पालिकाले गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु. ८७४०६२६।- भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३ **आन्तरिक नियन्त्रण प्रणाली**

१३.१ आन्तरिक नियन्त्रण प्रणाली- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली सवल रहेकोमा विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

**वजेट व्यवस्थापन तर्फ**

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,

• आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को अनुसुची ११ बमोजिम स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार नगरेको,

• स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरेता पनी कतिपय कार्यक्रम सञ्चालन गर्दा सोको पालना नगरेको,

• स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार नगरेको,

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा नगरेको,

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्न एकिकृत दिर्घकालिन योजना तयार नगरेको र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन नगरेको,

• पालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुटाई त्यस्ता आयोजनालाई प्राथमिकता दिएको देखिएन,

• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको छैन ।

**भ्रमण खर्च व्यवस्थापन तर्फ**

• भ्रमण खर्च नियमावली, २०६४ मा उल्लेख भए बमोजिम पालिकाका पदाधिकारी र कर्मचारीहरुको अनुगमन तथा भ्रमण खर्च भुक्तानी गर्दा स्वीकृत भ्रमण आदेशमा भ्रमणको उद्देश्य, कारण र भ्रमणबाट प्राप्त हुने सम्भावित प्रतिफल स्पष्ट उल्लेख नगरी भ्रमण गर्ने गरेको र भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको,

**खरिद व्यवस्थापन तर्फ**

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,

• सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गरी कार्यान्वयन गर्नुपर्नेमा सो अनुसार गरेको छैन,

• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न गठन भई सम्झौता गर्ने उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नभएको,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,

• उपभोक्ता समितिलाई दिएको कामको अनुगमनबाट देखिएको व्यहोरा उल्लेख गरी प्रतिवेदन गर्ने नगरेको,

• उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्यांकन नगरेको,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको छैन,

• स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वियन र अभिलेख नराखेको,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता नराखेको,

**शिक्षातर्फ**

• स्थानीय तहले विद्यालय अनुगमन गर्ने मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यवस्था नगरेको,

• शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको,

• संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, अनुगमन र अभिलेख व्यवस्थित नरहेको,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा अद्यावधिक नगरेको,

**विविध तर्फ**

• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिइएको,

• कार्यालयले उद्धेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लिखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,

• म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख नराखेको ,

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समितिको नाममा रहेको पेश्की तथा बेरुजुको अभिलेख समायोजन

भएको स्थानीय तहमा कायमगरी नियमानुसार असुल फछ्र्यौट तथा सम्परीक्षण कार्य नगरेको,

• निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम सवै कर्मचारीहरुको कार्य विवरण वनाई लागू नगरेको,

अतः बजेट, आमदानी, खर्च र सेवा प्रवाह सम्बन्धमा रहेका जोखिम नियन्त्रण गर्न आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१३.२ **सूचना प्रविधी पद्धतिः** पालिका अन्तर्गत प्रयोग भएका सफ्टवेयरहरुको सूचना प्रविधी नियन्त्रण वातावरणका सम्बन्धमा परीक्षण गर्दा देहायअनुसारको अवस्था देखियो -

• सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नदेखिएको र कार्यालयको नियन्त्रणमा रहेको पाइएन ।

• म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धि सफ्टवेयर म्यानुअल कार्यान्वयन गरेको पाइएन ।

• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन ।

• सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था भएको देखिएन ।

सैद्धान्तिक बेरुजु

## १४ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार जिन्सी सामानहरुको मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा पूर्ण रुपमा प्रविष्टी गरेको पाइएन । कार्यालयले वडागत तथा शाखागतरुपमा सामान खरिद गर्दा प्रणाली मार्फत दाखिला गरेको पाइएन । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

• पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्वन्धित सामानको विवरण तयार गरि कार्यकक्षमा टाँस गरेको देखिएन । यस अवस्थामा जिन्सीको संरक्षण तथा सदुपयोग भएकोमा आश्वास्त हुने आधार रहेको नदेखिएकोले यसमा पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०२ अनुसार कार्यालय अन्तर्गतको सरकारी घर, जग्गाको लगत महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्ने व्यवस्था गरेकोमा सो अनुसार विवरण तयार गरी सम्बन्धीत निकायहरुमा पठाएको नदेखिएकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नु पर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा पालिका अन्तर्गतका स्वास्थ्य चौकीहरुमा रहेका

कोष तथा नगरपालिका खाताहरुमा रहेको सबै मौज्दातलाई एकीकृत गरी अभिलेख खडा नगरेकोले ऐनको व्यवस्था बमोजिम उक्त कोषहरु एकीकृत गरी अद्यावधिक अभिलेख खडा गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **हेभि ईक्विपमेन्टको आयको स्थिती**

पालिकाले आफ्नो नाममा रहेको स्काभेटर, ब्याकहो लोडर जस्ता हेभि मेशीनहरुको उपयोग तथा दीगो व्यवस्थापन को लागि कार्य सञ्चालन सम्बन्धी कार्यविधि तयार गरी व्यवस्थित तरिकाले आय आर्जन समेत हुने गरी सञ्चालन गर्नु पर्दछ। पालिकाले खरिद गरेको एक एक्साभेटर र एक ब्याकहोलोडर सञ्चालनमा रहेको छ । उक्त मेशिन पालिकाको सडक सरसफाई तथा सडक स्तरोन्नतीको कार्यमा र समय समयमा अन्यत्र भाडामा समेत प्रयोग हुने भए तापनि पालिकाले सञ्चालन सम्वन्धि व्यवस्थित अभिलेख राखी आम्दानी असुल गरेको छैन । मेशिन सञ्चालन भएको ३३ वटा योजना तथा सो बापत प्रयोग भएको ईन्धन खर्च (वर्ष भरीमा ३६६३८ लिटर) कार्यपालिकाबाट अनुमोदन गरेको पाइयो । त्यसैगरी वर्षभरीमा स्काभेटर र ब्याकहोलोडर मर्मतबापत रु. १८६१७८६।– खर्च भएको छ । पालिकाद्वारा मेसिन भाडामा प्रयोग गर्ने दर प्रति घण्टा रु. ७०००।– तोकिएकोमा सञ्चालित योजनाहरुमा उक्त मेशीनहरु प्रयोग गरी रु. ८८८६४ मात्र आम्दानी गरेको पाइयो। पालिकाको हेभि मेशीनरी सञ्चालन खर्च वृद्धि हुँदै गरेको भएतापनी सो उपकरणबाट आम्दानी गर्ने गरेको पाइएन । तसर्थ नगरपालिकाले हेभि मेसिन सञ्चालन सम्बन्धी कार्यविधि बनाई आय आर्जन समेतमा वृद्धि हुनेगरी सोको व्यवस्थापनमा ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१६ **वित्तिय जोखिम मुल्याङ्कन**

पालिकाले प्रदान गर्ने सेवाको बारेमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गरेको स्थानीय तह वित्तिय जोखिम मुल्याङ्कनमा यस पालिकाले आ.व. २०७८।७९ मा ६१.३२ प्रतिशत अङ्क हासिल गरेको छ भने स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको आधारमा पालिकाले आ.व. २०७८।७९ मा ७५.७५ प्रतिशत अङ्क प्राप्त गरेको पाइयो । पालिकाले क्षमता स्वमुल्याङ्कनका क्रममा सहकार्य र समन्वयको विषय क्षेत्रमा सुधार गर्नुपर्ने देखिन्छ । साथै जोखिम मुल्याङ्कनको क्रममा पत्ता लागेका अनुगमन, मुल्याङ्कन तथा लेखापरीक्षण विषय क्षेत्रमा भएको जोखिमहरुको अभिलेख राखि नियन्त्रणको लागि कार्य योजना तयार गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **सेवा प्रवाहको अवस्था**

कार्यालयको मूख्य उद्देश्य हासिल गर्न सेवा ग्राहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस वर्ष आर्थिक, समाजिक र पूर्वाधार विकासका अतिरिक्त नियमित सेवा तर्फ पञ्जिकरण दर्ता ११०१, नागरिक्ता सिफारिस ५६०, घरवाटो सिफारिस ३२५, नाता प्रमाणित ७२५, अन्य सिफारिस ८४५ लयागतका सिफारिस तथा सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालई अझै सरल, सहज, मितव्ययि, गुणस्तरीय र प्रभावकारी बनाउने तर्फ ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **कानून निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट विभिन्न नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, २४ वटा कार्यविधि तथा २ वटा निर्देशिका लगायत ३४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवस्यक कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१९ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २६ वटा विवादहरु ३ महिना अवधि नाघेकोले तामेलीमा राखेको र यो बर्ष दर्ता भएका ७ विवाद गरी कुल ३३ वटा विवाद मध्ये २१ वटा फछ्र्यौट भई वर्षात, प्रतिवादी समयमा उपस्थित हुन नखोज्ने लगायतका कारणले १२ वटा विवाद फछ्र्यौट हुन बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फका कर्मचारीहरुको रु. १७८८६३४४/-, र पालिकाका कर्मचारीहरुको रु. १९१७९६४४/- समेत रु. ३७०६५९८८/- खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था रहेको छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(४) मा कर्मचारीको दरबन्दी प्रस्ताव गर्दा सेवा सुविधाको लागि लाग्ने खर्चको श्रोत समेत विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले कर्मचारी समायोजन पश्चात संगठन तथा व्यवस्गापन सर्वेक्षण गरेको पाइएन । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३५ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, लेखा अधिकृत, शिक्षा अधिकृत, प्रशासन सहायक पाँचौ विभिन्न २९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **करार कर्मचारी व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ३६ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु. १६८२२१०४/- खर्च लेखेको छ ।

त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक इन्जिनियर १, सहायक पाँचौ १, सहायक चौथो १, अ.स. इन्जिनियर ३ जना कर्मचारी करारमा नियुक्ति गरेकोमा सोमध्ये सहायक चौथो तथा इन्जिनियर पद लोकसेवामा माग गरेको प्रमाण पेश भएको छ । उल्लेखित पदमा बाहेक अ.स. इन्जिनियर ३ तथा सहायक पाँचौ १ जना करारमा भर्ना गर्न नमिल्ने पदमा कर्मचारी भर्ना गरी निजहरुको तलब भत्तामा गरेको खर्च रु. १९९८८४२।- नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १९,९८,८४२ |

२३ **थप भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई कार्यपालिकाको मिति २०७९।८।१८ को बैठकको निर्णय नं. २३ बमोजिम देहायका कर्मचारीहरुलाई जोखिम भत्ता तथा फिल्ड भत्ता बापत वर्षभरीमा रु. २०४६०००।- खर्च गरेको छ जुन आन्तरिक आय रु. २ करोड २ लाख ३६ हजारको १०.११ प्रतिशत हुन जान्छ । अतः पालिकाले आन्तरिक आयलाई समेत विचार गरी कानून तथा कार्यविधि तयार गरी यस प्रकारको खर्च नियन्त्रण गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण , औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । पालिकाले कर्मचारी कल्याण कोष कार्यविधि, २०७९ तयार गरी यस वर्ष नगरपालिका चालु शिर्षकबाट कर्मचारी कल्याण कोषमा रु. १०,००,०००/- ट्रान्सफर गरेको पाइयो । पालिकाले एकमुष्ठ रकम कोषमा जम्मा गरे तापनि कर्मचारीबाट कट्टा गर्नु पर्ने रकम कट्टा गरेको देखिएन । साथै जम्मा गरेको रकम परिचालन गरी कोष बृद्धि गर्न सो रकमको परीचालन सम्बन्धी व्यवस्था गरेको देखिएन । कर्मचारी कल्याण कोषमा ऐन अनुसार कर्मचारीको समेत योगदान हुने व्यवस्था गरी कोष परिचालन सम्वन्धी व्यवस्था समेत मिलाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **अनुत्पादक खर्च**

स्थानीय तहले पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवं उपयोगिता सृजना हुने गरी योजना तथा कार्यक्रम छनौट गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका देहायका वितरणमुखी कार्यक्रमहरु रु. १७९१२६४/- खर्च लेखेको छ जुन पालिकाको कुल आन्तरिक आय रु. २ करोड २ लाख ३६ हजारको ८.८५ प्रतिशत हुन आउँछ । पालिकाको आन्तरिक आयले प्रशासनिक खर्च समेत व्यहोर्न नसकिएको अवस्थामा पालिकाले यस्तो प्रकारको खर्चलाई नियन्त्रण तथा निरुत्साहित गर्नुपर्दछ । साथै वर्षेनी पालिकाले विभिन्न सामग्रीहरु वितरण गरेको अवस्थामा पालिकाले यस प्रकृतिका कार्यक्रम सञ्चालन गर्दा क्लब, संस्था, महासंघ लगायतका संस्थाहरुलाई विभिन्न कार्यक्रम अन्तर्गत सामग्री अनुदान दिँदा लगत राखी दोहरो भए नभएको एकिन गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२६ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाको सुत्रको विवरण अनुसार विविध खर्चमा पालिकाले कुल रु. १२६३६३६/- खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २ करोड २ लाख ३६ हजारको ६.२५ प्रतिशत हुन आउँछ। पालिकाले विविध खर्चमा नियन्त्रण गर्न प्रयोजन खुलाई आन्तरिक आयको परिधि भित्र रही खर्चलाई मितव्ययी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२७ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी अध्यक्षको तोकआदेश तथा कार्यपालिकाको निर्णय बमोजिम प्रकोप व्यवस्थापन कोष शिर्षकबाट विभिन्न व्यक्तिहरुलाई रु. १० हजार देखी रु. ५० हजार सम्म गरी कुल रु. ५५५०००/- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. २ करोड २ लाख ३६ हजारको २.७५ प्रतिशत हुन आउँछ। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२८ **ठेक्का अभिलेख**

ठेक्काबाट भएको कामको अभिलेख कायम हुनेगरी सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः ठेक्का व्यवस्थापनलाई व्यवस्थित तथा पारदर्शी बनाउन स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२९ **खरिद कारवाहीको अभिलेख**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको छुट्टै फाइल खडागरी नियम १४९(२) मा उल्लिखित कागजातहरु संलग्न राख्नु पर्ने तथा नियम १४९(३) मा उक्त अभिलेख खरिद कारवाही टुङ्गो लागेको कम्तिमा सात वर्षसम्म सुरक्षित राख्नुपर्ने उल्लेख छ । पालिकाले गरेको खरिद कार्यको अभिलेख राखेको देखिएन । खरिद तथा योजनाहरुमा हुनसक्ने दोहोरोपना नियन्त्रण गर्नका लागि नियमावलीको व्यवस्था बमोजिम कागजात संलग्न राखि अभिलेख तयार गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३० **गत विगतको पेश्की**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५३ मा तोकिएको समयमा पेश्की फर्स्यौट नगरेका कर्मचारी वा अन्य व्यक्तिको फर्स्यौट गर्न बाँकी पेश्कीको विवरण हरेक महिना समाप्त भएको ३ दिनभित्र कार्यालय प्रमूख समक्ष पेश गरी ढिलो फर्स्यौट गरिएका पेश्की फर्स्यौट गर्न तोकिए बमोजिम ताकेता गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको सूत्र प्रणाली अनुसार ज्वालामाई कन्स्ट्रक्सनको गत विगतसम्मको पेश्की रकम रु.७०४०००।- लेखापरीक्षण अवधिसम्म फर्स्यौट गरेको देखिएन। पालिकाले नियमावलीको पालना गरी गत विगतको पेश्की रकम फर्स्यौट गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३४ मा स्थानीय तहले लेखा तथा आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गर्नु गराउनु पर्ने, आन्तरिक लेखापरीक्षण प्रतिवेदनका उल्लेख भए बमोजिम सुधार भए नभएको परीक्षण गर्न तथा आवस्यक कारवाही गर्न लेखापरीक्षण समिति गठन गर्नुपर्ने र आन्तरिक

लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कार्वाहीको विवरण सहित पालिका प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाले यो वर्षको खर्च तथा आम्दानीका कारोबारको आन्तरिक लेखापरीक्षण गराएको देखिएन । आन्तरिक लेखापरीक्षकको पदपूर्ति नभएकोले आन्तरिक लेखापरीक्षण हुन नसकेको कार्यालयले छलफलमा जानकारी दिएको छ । कानुनमा तोकिए बमोजिम सम्पूर्ण आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३२ सहकारी नियमन

सहकारी ऐन अनुसार सहकारी दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिना भित्र सहकारी संस्थाको निरीक्षण गरी सञ्चालनमा रहेको संस्थाहरुको विवरण, अनुगमन गरेको सहकारी संस्थाको संख्या, आर्थिक कारोबारको विवरण, सहकारी कानुन पालनाको अवस्था, सहकारीमा सदस्यको सहभागिता तथा सदस्यले सहकारीबाट प्राप्त गरेका सुविधा लगायतका व्यहोराहरु खुलाई वार्षिक प्रतिवेदन पालिका समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। । यस पालिकाबाट उपलब्ध विवरण अनुसार पालिकाभित्र कुल २७ वटा सहकारी संस्था दर्ता रहेकोमा पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट उक्त सहकारी संस्थाहरुको अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । सहकारी अनुगमनको अभावमा सहकारीको यथार्थ अवस्थाको वारेमा विश्लेषण गरि आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्रभावकारी निरीक्षण तथा अनुगमनको अभावमा सर्वसाधारणको सामान्य बचत सुरक्षित रहन नसक्ने अवस्था समेतलाई ध्यान दिई पालिकाले ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३३ खरिद गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २१ करोड ९९ लाख ९६ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३४ सार्वजनिक तथा सामाजिक परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा सो अनुसार गरेको पाइएन । अतः पालिकाले तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ३५ फोहोरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै

वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३६ **सडक नाली तथा बायोइञ्जिनियरिङ्ग**

सार्वजनिक निकायले निर्माण कार्य गर्दा गराउँदा सो को गुणस्तर, दिगोपना तथा वातावरणीय पक्षमा उचित ध्यान दिनुपर्दछ । सडक निर्माण (नयाँ ट्र्याक, सडक विस्तार तथा मर्मतसम्भार) सँगसँगै पानीको निकासको लागि उपयुक्त साइजको नाला तथा भूक्षय रोक्नका लागि बायो इञ्जिनियरिङ्ग कार्यसमेत गर्दै जानुपर्नेमा कार्यालयले त्यसतर्फ पर्याप्त ध्यान दिएको पाइएन । केही सडक योजनामा नालाको काम राखेको भए तापनि सडक खनिएको पुरा लम्बाइमा नगरिएको अवस्था छ भने बायो–इञ्जिनियरिङ्गको कार्य पनि नभएको अवस्था छ । जसले गर्दा निर्माण गरिएको सडक वर्षातमा सञ्चालनमा आउन नसक्ने, वर्षातपछि उही सडक खण्डमा पुनः बजेट खर्च गर्नुपर्ने, भूक्षय तथा भूस्खलनले वातावरणीय पक्षमा प्रतिकूल असर पर्ने अवस्था रहेको छ । अतः उल्लिखित पक्षहरुमा कार्यालयको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३७ **स्थानीय निर्माण सामग्रीको दर निर्धारण**

पालिकाले स्थानीय स्तरमा पाईने काठ ढुँगा तथा खोलाको ग्राभल जस्ता निर्माण सामग्रीको लागत अनुमान तयार गर्दा जिल्ला दररेटमा स्थानीय खोलाबाट पालिका केन्द्रको दुरीसम्मको ढुवानी भाडासमेत गणना गरी पालिकाको दर रेट निर्धारण गरेको देखियो । पालिकाले नजिकको खोला वा निर्माण स्थल नजिकको क्षेत्रमा उपलब्ध हुने निर्माण सामग्रीको सङ्कलन विधि वा जिल्ला दर रेट जुन सस्तो हुन्छ सो दर कायम गरी दर निर्धारण गर्नु पर्नेमा जिल्ला दर प्रयोग गरी ढुवानीसमेत दिएको कारण स्थानीय निर्माण सामग्रीको दर महँगो हुन गई निर्माण लागत वढेको अवस्था छ ।उपभोक्ता वा निर्माण व्यवसायीले कार्यस्थलमै उपलब्ध सामग्री प्रयोग गरी निर्माण गर्ने भएकोले स्थानीय सामग्रीको उपलब्धताको आधारमा ती निर्माण सामग्रीको उचीत दर कायम गरी निर्माण कार्यमा मितव्ययीता कायम गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **योजनाको अनुगमन**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १६ को उपदफा (४) ख ५ मा नगरपालिका उप-प्रमुखको काम कर्तव्य र अधिकार अन्तर्गत योजना तथा कार्यक्रमको अनुगमन तथा सुरपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्नुपर्ने उल्लेख छ । यस पालिकाले उपाध्यक्षको संयोजकत्वमा वडा अध्यक्ष, इन्जिनियर, सब-इन्जिनियर सदस्य रहने गरी अनुगमन समिति गठन गरेको देखिन्छ । नमुना छनौटको आधारमा स्रेस्ता परीक्षण गर्दा योजना अनुगमन समितिले पेश गरेको अधिकांश योजना अनुगमन फारमहरुमा योजनाको कार्य प्रगति, सुधार गर्नुपर्ने विषय तथा सुझाव सम्बन्धमा कुनै पनि विवरण उल्लेख नगरी पदाधिकारीहरुले हस्ताक्षरमात्र गरेको देखिन्छ । योजनाहरुलाई उद्देश्य अनुरुप गुणस्तरीय रुपमा सम्पन्न गर्नको लागि निरन्तर अनुगमन गरी यथार्थ अवस्थाको सम्बन्धमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३९ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समिति तथा कोटेशन मार्फत निर्माण व्यवसायीबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन


https://nams.oag.gov.np

नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४० **आयोजना हस्तान्तरण तथा गुणस्तर परीक्षण**

**आयोजना हस्तान्तरण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । यो वर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेका आयोजना नियमावलीको व्यवस्था बमोजिम हस्तान्तरण गरेको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकी लगानी खेर जान सक्ने देखिन्छ । सम्पन्न आयोजनाहरु नियमानुसार हस्तान्तरण गर्नुपर्ने देखिन्छ ।

**गुणस्तर परीक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेशन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले योजनामा प्रयोग भएका निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । गुणस्तर परीक्षण नहुँदा निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चित हुन नसक्ने देखिन्छ । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामाग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण गुणस्तरीय भएको सुनिश्चित हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४१ **परामर्स तथा डीपीआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तयारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना बनाई लागू गर्नुपर्ने उल्लेख छ । साथै सार्बजनिक खरिद ऐन, २०६३ को दफा २९ र सार्वजनिक खरिद नियमावली, नियम १२ अनुसार सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा मात्र बाहिरी परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । परामर्श सेवा खरिद गर्दा लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले आवश्यक्ताको आधारमा परामर्श सेवा खरिद गर्नुपर्दछ । पालिकाले देहायका परामर्शदाताहरु मार्फत आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना तयार गरी रु. २२३८५९५/- खर्च गरेको पाइयो ।

| कार्य विवरण | परामर्श दाता | कुल भुक्तानी |
|---|---|---|
| मध्यमकालीन खर्च संरचना तयारी | बजार विकास केन्द्र प्रा. लि . | ४८७५९५ |
| आवधिक योजना तयारी | इन्टेन्सिभ स्टडिज एण्ड रिसर्च प्रा. लि . | १७५१००० |

पालिकाले उक्त कार्यका लागि कार्यालयको जनशक्ति प्रयोग नगर्नाको कारण खुलाएको पाइएन साथै खरिद कार्यको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिम लागत अनुमान तयार गरेको पाइयो । परामर्सदाताबाट प्रारम्भिक प्रतिवेदन पेश भई कार्यपालिकामा छलफल गरी आवश्यक परिमार्जन सहित अन्तिम प्रतिवेदन पेश भएपछि उद्वेश्य अनुसार भएको एकिन गरेर मात्र सम्झौता अनुसारको रकम भुक्तानी गर्नुपर्नेमा प्रारम्भिक प्रतिवेदनमा छलफल भएको प्रमाण कागजात लेखापरीक्षणमा पेश हुन आएन ।

अतः स्थानीय तहको समग्र विकासका लागि वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा मध्यमकालीन खर्च संरचना तथा आवधिक योजनाका दीर्घकालीन विषयलाई समेत समावेश गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४३ **आन्तरिक नियन्त्रण कार्यप्रणाली तयारी**

सार्बजनिक खरिद ऐन, २०६३ को दफा २९ र सार्वजनिक खरिद नियमावली, नियम १२ अनुसार सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य भएमा मात्र बाहिरी परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ । संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आन्तरिक नियन्त्रण तर्जुमा दिग्दर्शन तयार गरी सोही बमोजिम आन्तरिक नियन्त्रण कार्य प्रणाली तयार गर्नुहुने निर्देशन रहेको छ । पालिकाले स्थानीय स्वशासन सहयोग मञ्च नेपाल प्रा.लि. सँग सम्झौता गरी आन्तरिक नियन्त्रण कार्यप्रणाली तयारी बापत रु. ४८०२५०।– भुक्तानी गरेको छ । पालिकाले उक्त कार्यका लागि कार्यालयको जनशक्ति प्रयोग नगर्नाको कारण खुलाएको पाइएन साथै खरिद कार्यको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिम लागत अनुमान तयार गरेको पाइयो । अतः पालिकाले नमुना कानूनहरुलाई आधारमानी कार्यालयलाई आवश्यक कानून निर्माण कार्य मितव्ययी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४४ **इन्ट्रिगेटेड म्युनिसिपल इन्फरमेशन सिस्टम सफ्टवेयर खरिद**

पालिकाले इन्ट्रिगेटेड म्युनिसिपल इन्फरमेशन सिस्टम सफ्टवेयर परामर्शदाता बक्सबाईट इंक मार्फत खरिद गरी रु. १५९८९५०।- खर्च गरेको छ । यस सम्बन्धी खर्च परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छः

क) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्दा परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यको विवरण तथा कार्यक्षेत्रगत शर्त सहितको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित परामर्शदाता मार्फत स्फ्टवेयर प्रणाली निर्माणको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिम बराबरकै लागत तय गरी सिलबन्दी बोलपत्र मार्फत परामर्शदाता छनौट गरेको देखियो ।

ख) नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले खरिद गरेको उक्त सफ्टवेयरको सेक्युरिटी अडिट टेस्ट तथा सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन साथै प्रणाली र डाटावेसको ब्याकअप सम्बन्धी व्यवस्था भएको देखिएन । अतः पालिकाले स्फटवेयरको ब्याकअपको व्यवस्था गरी यस्ता सफ्वेयर स्वीकृति लिई मात्र प्रयोग गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४५ **पाइप खरिद**

पालिकाले सल्लेरी दोर्पु खानेपानी आयोजनाको लागि देहाय अनुसारका विभिन्न साईजका २५१६.५० के जी पाईप खरिद गरी निश्चल स्टोर्स एण्ड सप्लायर्स लाई रु. ९,६०,७९८ भुक्तानी दिएको छ । सो खानेपानी आयोजना निर्माणको कार्यको लागि उपभोक्ता समितिसँग भएको सम्झौता तथा ठेक्कापट्टा सम्झौता भएको प्रमाण पेस हुन आएन । नगरपालिकाले देहाय अनुसार पाइप खरिद गरी रु. ९६०९७८।– खर्च लेखेकोमा उक्ता पाइपहरु प्रयोग भएको देखिएन ।यसरी सामग्री खरिद गरी लामो अवधिसम्म मौज्दात राख्दा सामानको गुणस्तरमा समेत ह्रास हुन जान्छ । तसर्थ पालिकाले वास्तविक आवश्यक्ताको आधारमा मात्र सामग्री खरिद गरी उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन गर्न ध्यान पुर्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **ह्युमपाइप खरिद** (४-२०७९-१२-२९):

कार्यालयले सामग्री खरिद गर्दा वास्तविक आवश्यक्ताको आधारमा खरिद गरी त्यसरी खरिद भएको सामग्रीको समुचित प्रयोग गर्नुपर्दछ । नगरपालिकाले अपर जुनिवेशी हाइड्रोपावरको लागि डि.जे. कन्स्ट्रक्शनबाट ह्युमपाईप १२ थान रु. ५१२५६८।– मा खरिद गरी निर्माण स्थल सम्म पुर्याएको पालिकाबाट जानकारी प्राप्त भएको छ । सो पाइप प्रयोग भई जडान प्रमाणित भएको देखिएन । अतः सामग्री खरिद गरी लामो अवधिसम्म मौज्दात राख्दा सामानको गुणस्तरमा समेत ह्रास हुन जान्छ । तसर्थ पालिकाले वास्तविक आवश्यक्ताको आधारमा मात्र सामग्री खरिद गरी उद्देश्य अनुरुप कार्यक्रम सञ्चालन गरेको प्रमाण पेशहुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,१२,५६८ |

## ४७ योजना छनौट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले योजना बनाउँदा सडक, गुम्बा, कवर्डहल निर्माण, औषधि खरिद लगायतमा सालवसाली बजेट विनियोजन गरी खर्च गरे तापनि आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयको सूची तयार गरी सोमध्येबाट प्राथमिकीकरण गरी योजना छनौट गरेको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वियन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

## ४८ पत्ताले पार्क निर्माण (ठेक्का नं.१। ०७८।७९)

पालिकाले पत्तालेमा म्युजियम, स्तुपा, याक स्ट्याचु सहितको रू. ६८५१४८१३ को लागत अनुमान रहेको पत्ताले पार्क पर्यटन मन्त्रालयसँगको साझेदारीमा निर्माण गर्न कुँवर डेभलपर्स एण्ड विल्डर्ससँग २०७९। । । मा रू. ६८३०९५६३ को सम्झौता भएको थियो । यो वर्ष प्रथम विलबाट रू. ४२,२४,९५१ भुक्तानी भएको छ । उक्त पार्क निर्माण सम्वन्धमा देखिएको प्रमुख व्यहोरा निम्नानुसार छन्

४८.१ **आयोजना छनौट** : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६को दफा ६(३) मा सम्भाव्यता अध्ययन गरी कार्यान्वनयन गर्न सकिने आयोजना बैकमा प्रविष्ट भएका आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण, कार्यक्रम सञ्चालन गर्न लाग्ने अनुमानित समय तथा सोबाट हुन सक्ने प्रतिफल समेत खुलाई आयोजनाको प्राथमिकीकरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले पार्क निर्माण सम्वन्धमा गरेको सम्भाव्यता अध्ययन तथा लाभ लागत विष्लेषण लेखापरीक्षणको लागि पेश भएको छैन । लाभ लागत विष्लेषण सहित संभाव्य देखिएका र वढी प्रतिफल दिने योजना छनौट गरी कार्यान्वियन गर्ने व्यवस्थाको पालना गर्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४८.२ **सवारी साधन तथा ईन्जिनियरको सुविधा :** सार्वजनिक लेखासमितिबाट २०६९।१।८ मा निर्माण कार्यको विल अफ क्वान्टिटिमा सवारी साधनको भाडा, साईट अफिस भाडा जस्ता निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश नगर्ने र लागत अनुमान बृद्धि नियन्त्रण गर्न नीति वनाउने निर्देशन भएको छ । पालिकाले सो निर्देशन अनुकूल नहुने गरी पत्ताले पार्क निर्माणको विल अफ क्वान्टीटीमा कार्यालयका ईन्जिनियरलाई वाथरुम सहितको सुविधा भएको १०: ५ वर्गमिटरको साईट अफिस उपलब्ध गराउने आईटममा लमसम ७२००० र चार पाँग्रे सवारी साधन २४ महिनाको लागि मासिक ५०००० को दरले २४ महिनाको लागि १२००००० वोल अंक उल्लेख गरी यो वर्षसम्म १ महिनाको रू. ५०,००० खर्च लेखेको देखियो सार्वजनिक लेखा समितिको निर्णय बिपरित लागत अनुमान वृद्धि हुने गरी आईटम थप गरी प्रमाण वेगर खर्च लेखेको उक्त रकम असुल गर्नु पर्दछ रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,००० |

४९ **वडा भवन निर्माण (ठेक्का नं.४। ०७८।७९)**

पालिकाले रू. ९९,९७,०८२ लागत अनुमान रहेको वडा नं. ११ को भवन निर्माण गर्न निर्माण व्यवसायी गोल्डेनस्टार मल्टीपर्पोज प्रा.लि. सँग २०७८।७। ७ मा रू. ५९९९९२८ को सम्झौता भएको थियो । यो वर्ष अन्तिम विल विलबाट रू. ३३२९९२३ भुक्तानी भएको छ । उक्त भवन निर्माण सम्वन्धमा देखिएको प्रमुख व्यहोरा निम्नानुसार छन्

४९.१ **बिम तथा पिलरको क्षेत्र नघटाई भुक्तानी :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नं. ४।२०८०।३।२१ बाट वडा भवन निर्माण कार्यको अन्तिम विल रू. ३३२९९२३ निर्माण व्यवसायी गोल्डेनस्टार मल्टीपर्पोज प्रा.लि.लाई भुक्तानी दिएको छ । भवनको कोठाहरुमा ढुङ्गा सोलिङ गर्ने कार्यको परिमाण गणना गर्दा भवनको पुरा लम्वाई र चौडाई लिई गणना गरी नापी कितावमा चढाएको देखियो । भवनको ०.३०*०.३०*०.२० मीटरको ४ वटा कोलमको क्षेत्रमा हुने ०.७२ घनमिटर र ३.५०*०.२३*०.२० मीटरको १२ वटा वीमको क्षेत्रमा हुने १.९३ घनमिटर समेत जम्मा २.००४ घनमिटर सोलिङको परिमाण घटाई गणना गर्नु पर्नेमा कोलम तथा वीमको क्षेत्र नघटाएकोले प्रति घनमिटर ५१५० ले हुने रू १०३२०।६० र सोही क्षेत्रमा ०.१० मीटर उचाईमा (०.३०*०.३०*०.१० मीटरको ४ वटा कोलमको क्षेत्रमा हुने ०.७२ घनमिटर र ३.५०*०.२३*०.१० मीटरको १२) पीसीसीको हुने १.००२ घनमिटर नघटाएकोले सम्झौता दर रू.८१३० ले हुने रू.८१३०.०३ र स्क्रडिङको आरसीसी १६ कोलमको परिमाण १६*३.५०*०.२३*०.२०=०.१८७ घनमिटरको १०८०० को दरले हुने रू. २०२१।७६ समेत जम्मा रू.२०४८८.६२ र सोमा थप दिएको मूल्यअभिवृद्धि कर रू.२६६३। ५२ समेत हुने रू. २३१५२ असुल गर्नु पर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,१५२ |

४९.२ **भेरिएशन स्वीकृत नगरी भुक्तानी :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग भएको सम्झौतामासमेत भेरिएशनको व्यवस्था रहेको छ । पालिकाले वडा नं. ११ को भवन निर्माण कार्य (ठेक्का नं. ४।०७८।७९) को भेरिएसन स्वीकृत नगरी स्वीकृत परिमाण भन्दा वढी भुक्तानी दिएको नियमित नदेखिएको रू.

| आईटम नम्वर र कामको विवरण | स्वीकृत परिमाण | भुक्तानी परिमाण | वढी | दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| ईटाको कार्य | ३५ | ३८.२१ | ३.२१ | १२८०० | ४१०८८ |
| प्लास्टर | ७६५.९५ | ७९४.९१ | ८.९६ | २८० | २५०८ |
| रूफिङ वर्क | १४८.८४ | १६३.८४ | १५ | १७७० | २६५५० |
| सिमेन्ट पेन्ट | २७३.५७ | ५४५.६७ | २७२.१ | १६० | ४३५३६ |
| सटरको लागि काठको काम | २७.१६ | २९.६४ | २.४८ | ९२६.६४ | २२९८ |
| जम्मा | | | | | ११५९८० |

| | |
|---|---|
| अनियमित भएको | १,५५,९८० |

४९.३ **पुरानो भवन भत्काउँदा निस्केको सामग्री व्यवस्थापन :** पालिकाले निर्माण व्यवसायीको विल भुक्तानी दिँदा पुरानो भवनको माटोले जोडेको ढुङ्गाको गारो १०४.४९ घनमिटर, जस्ताको छाना १४२.५० वर्गमिटरको लागि डिस्मेन्टल गरेको रकम भुक्तानी दिएको छ । काठको परिमाण सम्वन्धमा उल्लेख गरेको देखिएन । निर्माण व्यवसायीले भत्काउँदा निस्केको काठ, जस्ता र ढुँगा लगायतका पुन प्रयोग हुने सामग्री प्रयोग गर्ने गरी लागत अनुमान तयार गर्नु पर्नेमा गरेको देखिएन ।माटोको जोडाईमा लगाउने ढुँगाको गारोमा निस्कने ढुँगा बाट भवन नर्मस अनुसार ४२ प्रतिशत माटोको भाग घटाउँदा पनि ५८ प्रतिशत ढुँगा प्रयोग गर्न गर्न सकिने देखिन्छ । सो अनुसार भवनबाट निस्कने ६० घनमिटर ढुँगा उपयोग योग्य हुने देखिन्छ । निर्माण व्यवसायीले भत्काउँदा निस्केको ढुँगा पालिकालाई वुझाएको

नदेखिएकोले भवनमै प्रयोग गरेको देखियो । गरी उक्त परिमाणको ढुँगाको कार्यालयले गरेको दर विष्लेषण प्रति घनमिटर २६४६ ले हुने रू. १५८७६० असुल गर्नुपर्ने देखियो रू.

भत्काउँदा निस्केको जस्ता १४२.५० वर्गमिटर तथा काठको परिमाण तथा ती सामग्रीको हैसियत सम्वन्धमा समेत पालिकाले टुङ्गो लगाउनु पर्दछ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५८,७६० |

४९.४ **घटी अवधिको वीमा :** निर्माण व्यवसायीसँग भएको सम्झौतामा निर्माण कार्य शुरू हुने मिति देखि डीफेक्ट ल्याविलिटी पिरियडसम्मको वीमा गराउनु पर्ने व्यवस्था छ । सो अनुसार निर्माण व्यवसायीले ८ महिना अर्थात २४० दिनको प्लस डीफेक्ट ल्याविलिटी पिरियडसम्मको को वीमा गर्नु पर्नेमा २०२२।५।२३ देखि २०२२।७।९ सम्म ४६ दिनको वीमा गरी ५७२९९।४५ भुक्तानी गरेकोले १९४ दिनको दामासाहीले हुने रू. ४६३१७ असुल गर्नु पर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४६,३१७ |

५० **टाक्टोर लामाजुरा सडक निर्माण**

पालिकाले टाक्टोर लामाजुरा सडक निर्माण (ठेक्का नं. ३।०७९।८०) को लागि ज्वालामाई कन्सट्रक्सन प्रा.लि. सँग रू. ९७,९५,५५७।९२ को सम्झौता गरी यो वर्ष रू ६५३११९९४ को कार्य सम्पन्न गरेकोमा वजेट अभावको कारण रू.५०२११४२ भुक्तानी दिएको छ । उक्त सडक निर्माण सम्वन्धमा देखिएको थप व्यहोरा निम्नानुसार छन्

५०.१ टाक्टोर लामाजुरा सडक निर्माणको विस्त्रित परियोजना प्रतिवेदन अनुसारको लागत रू.६५१२२५८२७ रहेकोमा गत वर्ष संघीय सममुरकबाबाट रू. ३५००००० समेत जम्मा ५० लाख, यो वर्ष सँघीय समपुरक ५० लाख समेत जम्मा १ करोड र आ. व. २०८०।८१ मा संघीय समपुरक १ करोड ५० लाखसमेत ३ करोड विनियोजन भएकोमा २०७९।८० सम्म रु.१३८६३९६० लागत अनुमानको कार्य गराई यो वर्ष ६५३१९४४ समेत जम्मा ८५३०४१२ को कार्य सम्पन्न भएकोमा वजेट अभावको कारण उल्लेख गरी यो वर्ष भुक्तानी भएको रू ५०२११४२ समेत जम्मा ७०१०६१० भुक्तानी दिएको देखिन्छ । गत २ वर्षको ठेक्का रकमको हिसावले उक्त योजना सम्पन्न गर्न करिव ४७ वर्ष लाग्ने देखिन्छ स्रोत अभावले यो वर्ष भुक्तानी दिन बाँकी रहेको अवस्था देखिँदा स्रोतको निश्चितता समेत देखिँदैन । समयको अन्तराल सँगै लागतसमेत वृद्धि हुने जोखिम भएकोले आवस्यक स्रोत व्यवस्थापन गरी समयमै योजना सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५०.२ (३४-२०८०-३-२४):

**मुल्य अभिवृद्धि कर कट्टा नगरेको :** मूल्य अभिबृद्धि कर नियमावली २०५३ को नियम ६(क) मा मुल्य अभिबृद्धि करको ३० प्रतिशत सम्वन्धित राजस्व शीर्षकमा दाखिला गर्नु पर्ने र बाँकी ७० प्रतिशत रकम सम्वन्धित फर्मलाई भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले गोश्वारा भौचर नं. ३४।०८०।३।२४ बाट सडक निर्माण कार्यको विल रू. ५०२११५२ भुक्तानी दिदा भुक्तानी गरेको मुल्य अभिबृद्धि कर ५७७६५३ भुक्तानी दिएकोमा नियमानुसार ३० प्रतिशतले हुने रू. १७३२९६ कट्टा गरी सम्वन्धित राजस्व खातामा दाखिला गरेको नदेखिएकोले उक्त मुल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७२,३९६ |

५१ **सोलु बेलि व्रीज**

ठेक्का नं ७६/७७/Cons/04 दावा निर्माण सेवासँग मिति २०७६।०७।०६ मा भ्याट सहित रु.४१२९१६७४।९०(भ्याट बाहेक) मा सम्झौता भई मिति २०७९।६।१४ मा कार्यसम्पन्न भएकोमा श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

५१.१

**एज विल्ट ड्रइङ्ग पेश नभएकोः** SCC को बुँदा नं ७१.२मा निर्माण कार्यसम्पन्न भएको एक हप्ताभित्र एज विल्ट ड्रइङ्ग पेश गर्नुपर्ने र यसको लागि रु.१००००० रोक्का राख्नुपर्ने उल्लेख छ । पालिकाले निर्माण व्यवसायीबाट एज विल्ट ड्रइङ पेश नभएको अवस्थामा समेत विशेत शर्तमा उल्लेख भए बमोजिमको रकम कट्टा गरेको नदेखिएकोले सो वापतको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

५१.२ **गुणस्तर परीक्षणः** निर्माण व्यवसायीले तोकिएको गुणस्तर कायम गरेर मात्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।बेलीव्रीज निर्माण अवधिमा वा बेलिव्रीज तयार भई सकेपछी पनि वेलीव्रीजको स्वीकृत डिजाइन र स्पेसिफिकेशन अनुसार गुणस्तर परीक्षण गर्ने कार्य गराएको पाइएन । गुणस्तर परीक्षण नगराई यो वर्ष गुणस्तर परीक्षण वापत रु.७११९०।–(भ्याट सहित) भुक्तानी दिएको देखिएकोले गुणस्तर परीक्षण रिपोर्ट पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७१,१९० |

५१.३ **भेरिएशन वेगर बढी परिमाण भुक्तानी :** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। पालिकाले अन्तिम बिल भुक्तानी दिदा देहायका आईटममा भेरिएशन स्वीकृत नगरी देहाय अनुसार स्वीकृत परिमाण भन्दा वढी भुक्तानी दिएको रकम नियमित देखिएन रु.

यस सम्बन्धी तालिका अनुसूची-२ मा छ ।

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२४ मा खरिद सम्झौता बमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछि निर्माण व्यवसायीलाई करारका शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले नियमावलीको व्यवस्था बमोजिम कार्य स्वीकार प्रतिवेदन बनाएको देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | १,३६,६६२ |

५२ **भेरिएसन स्वीकृत नगरी बढी भुक्तानी**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ मा खरिद सम्झौताका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वियनको क्रममा सिर्जना भएमा सो को स्पष्ट कारण खुलाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। निर्माण व्यवसायीसँग भएको सम्झौतामासमेत भेरिएशनको व्यवस्था रहेको छ । पालिकाले ज्वालामाई मन्दिर क्षेत्रमा विस्रामस्थल, सौचालय निर्माण तथा प्राङ्गण व्यवस्थापन कार्य (ठेक्का नं. ४।०७९।८०) को भेरिएसन स्वीकृत नगरी स्वीकृत परिमाण भन्दा वढी भुक्तानी दिएको नियमित नदेखिएको रू.

| आईटम नम्वर र कामको विवरण | स्वीकृत परिमाण | भुक्तानी परिमाण | वढी | दर | वढी भुक्तानी |
|---|---|---|---|---|---|
| ईटाको काम | १३.२७ | १७.६७ | ४.४ | ८००० | ३५२०० |
| ईमल्सन पेन्टीङ | २५३.०९ | २७७.७ | १३.६१ | ५४० | ७३४९ |
| ड्राईस्टोन मेशनरी | १२.४२ | १७.११ | ४.६९ | ९००० | ४२२१० |
| विश्राम स्थल तर्फ | | | | | |
| प्लास्टर | ५८.५६ | ६६.७२ | ८.१६ | ६०० | ४८९६ |
| जस्ता पाता | ३६.९ | ४५.०८ | ८.१८ | १६०० | १३०८८ |
| फ्लाट स्टोन सोलीङ | ४० | ४३.८४ | ३.८४ | ९००० | ३४५६० |
| जम्मा | | | | | १३७३०३ |

| | |
|---|---|
| अनियमित भएको | १,३७,३०३ |

५३ **नापीमा त्रुटी**

पालिकाको वडा नं. ९ को भवन निर्माणको लागि ग्राउण्ड लेभलिङ कार्यको नापी कितावमा ४० मि. लम्बाई १९.७० मि. चौडाई र ३.६० मि.गहिरो (बक्स कटिङ्ग)मा माटोको परिमाण समावेश गरी २८३६.८० घनमिटर कायम गरेको देखियो । लेभलिङ कार्यको उचाई औषतमा हिसाव गरी १.८ कायम गरी नापी गर्नुपर्नेमा बक्स कटिङको परिमाण गणाना गरेकोले १४१८.४० घनमिटर वढी परिमाणको प्रति घनमिटर ८० को दरले रू. ११३४७२ वढी भुक्तानी दिएको देखियो । अत: माटो कटिङको परिमाण यकिन गरी वढी भुक्तानी भएको रकम मूल्यअभिवृद्धि करसमेत असुल गर्नु पर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१३,४७२ |

५४ **एजबिल्ट ड्राइङ्ग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिनभित्र निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एजबिल्ट नक्सा) पेश गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी कार्यालय र निर्माण व्यवसायि बीच भएको सम्झौताको स्पेशल कन्डिसन अफ कन्ट्र्याक्टको जी.सी.सी. ७१.२ मा निर्माण व्यवसायीले कार्यसम्पन्न भएको समयमा एज बिल्ट ड्रइङ्गपेश गर्नु पर्ने र सो डकुमेण्ट पेश नगरेमा तोकिएको रकम रोक्का (विद हेल्ड) गरिने उल्लेख छ । यस वर्ष निर्माण सम्पन्न भएको उपर्युक्त भवन निर्माण कार्यको अन्तीम बिल भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि २०७८।६।१० सम्म पनि एज विल्ट ड्रइङ पेश भएको पाइएन् । तसर्थ एज बिल्ट ड्रईङ्ग पेश नभएकोले शर्त वमोजिम एज विल्ट ड्रइङ तयार गराई सोको प्रमाण पेश हुनु पर्ने रु.

| निर्माण व्यवसायीको नाम | कामको विवरण | रकम |
|---|---|---|
| स्वर्णिम सोलु कन्सट्रक्सन | ज्वाला माई मन्दिर निर्माण | १०००० |
| गोल्डेनस्टार मल्टिपर्पोज प्रा. लि | ११ नं. वडा कार्यालय ४।०७८।७९ | ५०००० |
| खुम्विला निर्माण सेवा | ६ नं. वडा कार्यालय ठेक्का नं. २।०७८।७९ | ५०००० |
| | | ११०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१०,००० |

५५ **डि पि आर बेगर उपभोक्ता समितिमार्फत सडक निर्माण**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५(क) मा सार्वजनिक निकायको प्रमुखले निर्माण कार्य खरिद गर्नु अघि स्पेसिफिकेशन डिजायन नक्सा तथा अन्य आवश्यक विवरण तयार गर्नपर्ने व्यवस्था छ । पालिकाले विभिन्न स्थानमा नयाँ ट्र्याक खोल्ने कार्य उपभोक्ता समितिसँग सम्झौता गरी खर्च गर्ने गरेको पाइयो । सडकको नयाँ ट्र्याकको कार्य गर्नुअघि DPR तयार गरी स्वीकृत गरेको पाइएन । उपभोक्ता समितिवाट कार्य गराएकोमा कामको सम्झौता अघि Hard rock समेतको आइटम समावेश गरी क्वान्टीटी सम्झौता गरेको पाइयो । नमूना छनौट गरी परिक्षण गरिएकोमा लागत अनुमान तयार गर्दा मेशिनवाट कटीङ कार्यमा Hard rock को समेत दररेट कायम गरेको र कामको नापी गर्दा समेत क्रश सेक्सन ड्रईङ समावेश नगरी माटो तथा रक कटीङको प्रतिशत समेतवाट भुक्तानी गरेको देखिएको छ ।

यस सम्बन्धी तालिका अनुसूची- २ मा छ ।

उपरोक्तानुसारका सडकहरुमा मेशिनवाट माटो कटिङ कार्यको उपभोक्ता समितीले विल पेश गरेको आधारमा प्रति घ.मि दरवाट विल तयार गरी भुक्तानी गरेकोमा उपभोक्ता समितले मेशिन भाडा वापत विभिन्न निर्माण व्यवसायीका कर विजक समावेश गरी कटीङ गराएको पाइयो । कार्यलयले समेत सम्झौता अनुसारको पुरै क्वान्टीटी र दरवाट भुक्तानी गर्ने गरेको छ । वास्तविक कटिङ कार्यको क्रश सेक्सन ड्रईङ वाट कायम हुने यथार्थ परिमाण मात्र भुक्तानी गर्नुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५६ **बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(४) मा सार्वनजनिक निकायले लागत अनुमान तयार गर्दा मेशिन वा उपकरणको भाडा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने व्यवस्था छ । सोलुखुम्बु जिल्लाको जिल्ला दररेटको निर्णय नं १२ मा मेशिन उपकरण/हेभी इक्विपमेन्टको प्रयोग गरी काम गर्नुपर्ने अवस्था आएमा सडक विभागले तोकेको ईक्विपमेन्टको भाडा दरलाई आधार मानी स्वीकृत नर्म्सको आधारमा दर विश्लेषण गरी दररेट कायम गर्नुपर्ने उल्लेख छ । Excavator को लागि सडक विभागबाट स्वीकृत दररेटमा प्रतिघण्टा रु.३६१४.१३ छ । नगरपालिकाले आफ्नो Excavator भाडामा लगाउन प्रतिघण्टा रु.७०००।–भाडादर निर्धारण गरेको छ । आफ्नो Excavator भाडामा लगाउँदाको लागि तोकिएको दर प्रयोग गरी लागत अनुमान तयार गरेकोमा पालिकाले सञ्चालन गरेका योजनामा पालिकाको Excavator प्रयोग गरेको पाइएन। उपभोक्ता समितिले प्रति घण्टा रु. २२५० देखि रु.६००० सम्म भाडा भुक्तानी गरेको बिलविजक पेश गरेको देखिन्छ । नमुना छनौट गरी परीक्षण गरिएका देहायका योजनामा पालिकाले सडक विभागको ईक्विपमेन्टको भाडादर प्रयोग नगरी आफ्नो Excavator भाडामा लगाउन तोकिएको भाडादर प्रयोग गरी माटो खन्ने कार्यको लागत अनुमानको आधारमा भुक्तानी दिँदा लागत वृद्धि भई देहाय अनुसार रू. ६८६४४२।- थप व्यभार पारेको नियमित देखिएन रु.

यस सम्बन्धी तालिका अनुसूची- २ मा छ ।

| | |
|---|---|
| अनियमित भएको | ६,८६,४४२ |

५७ **हेभि इक्विपमेन्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

यस सम्बन्धी तालिका अनुसूची-२ मा छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५८ **वेलीडाँडा साल्मे सडक ट्र्याक**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले वेलीडाँडा साल्मे सडक ट्र्याक उपभोक्ता समितिलाई भौचर नं २८४ मिति २०८०।०१।२४ मा रु.९५१५००।– भुक्तानी दिएको श्रेस्ता परीक्षण गर्दा देखिएका व्यहोराहरु निम्नानुसार छन् –

क) चेनेज ३+८५० देखि ४+८०० सम्म कार्य गरेकोमा मेशिनद्धारा Hard Rock खन्ने कार्यको लागि ९२७.२९ m3 को रु.३८३।५० का दरले रु.३५५६१५।७१ भुक्तानी दिएकोमा नापी किताबमा Hard Rock को चेनेज खुलाएको छैन । क्रस सेक्शन ड्र्इङ्ग समेत नराखी स्वाइल र रक कटिङ्गको परिमाण गणना गरेकोले माटो तथा ढुंगाको वास्तविक परिमाण यकिन गर्न सकिएन ।

ख) सडक विभागको नर्म्स अनुसार खन्ने कार्यमा Hard Rock को भुक्तानी गर्दा सो बाट निस्कने ५० प्रतिशत ढुंगाहरु प्रयोग भएको हुनुपर्ने उल्लेख छ । पालिकाले ग्यावीन बक्स भर्ने कार्य गराएकोमा ढुंगाको परिमाणको भुक्तानी पुरा दिएको देखिएकोले सो रकम असुल गर्नुपर्ने रु.

| ढुँगा खनेको परिमाण | ५०.००% | ढुंगाको कार्य | ढुंगाको दर | बढी भुक्तानी |
|---|---|---|---|---|
| ९२७.२९ घ.मि. | ४६३.६४ घ.मि. | २० घ.मि. | २३७१ प्रति घ.मि. | ४७४२० |

| असुल गर्नुपर्ने | ४७,४२० |
|---|---|

५९ **नन् फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले धुलिखेल अस्पताल सिलुगढी सडक स्तरोन्नती कार्यको काजी कन्स्ट्रक्सनलाई भौचर नं ४२९ मिति २०८०।०३।२३ मा मूल्य अभिवृद्धि कर रु.११३३१८।५९ सहित रु.९८५०००।- भुक्तानी दिएकोमा आन्तरिक राजस्व कार्यालयको वेभसाइटमा खोजी गर्दा उक्त फर्म २०८० असार देखि नन फाईलर रहेको देखिएकोले पालिकाबाट भुक्तानी भएको मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १,१३,३१९ |
|---|---|

६० **जलविद्युत अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष देहायअनुसारका जलविद्युत संस्थालाई निर्माण तथा मर्मत कार्य लगायतमा रु. ९१८०००।- अनुदान दिएको छ । यस्ता संस्थाहरुको खर्च व्यहोर्ने सन्दर्भमा पालिकाले ठोस नीति बनाउनु पर्दछ ।

| क्र. सं. | अनुदान प्राप्त गर्ने संस्था | अनुदानको व्यहोरा | रकम |
|---|---|---|---|
| १ | हेवाखोला लघु जलविधुत मर्मत उ. स. | मर्मत | ३८२७०० |
| २ | ज्वालामाई लोदिङ खोला लघु जल विद्युत | मर्मत | ५३५३०० |
| | जम्मा | | ९१८००० |

| सैद्धान्तिक बेरुजु |
|---|

६१ **पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च**

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस पालिकाले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका चालु प्रकृतिका कार्यक्रम खर्चलाई समेत पूँजीगत बजेटमा विनियोजन गरी खर्च गरेको देखिन्छ । साथै विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट दिएको पाईयो । यस्ता प्रकृतिको कार्यक्रमहरुमा पूँजीगत बजेटबाट विनियोजन गर्दा पूँजीगत बजेटको आकार बढी देखिने तर बजेटको प्रकृति अनुसारको उद्देश्य प्राप्त नहुने हुनाले चालु प्रकृतिको खर्चलाई बजेट विनियोजन गर्दा चालु बजेटमा समावेश गरी खर्च लेख्नुपर्दछ ।(केही उदाहरण)

| सैद्धान्तिक बेरुजु |
|---|

६२ **खर्च वर्गिकरण तथा कर्मचारीलाई सोधभर्ना**

एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ मा सार्वजनिक निकायले गर्नुपर्ने खर्च शीर्षक तोकी सोहीबमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम ८ मा सेवा प्रदायक तथा आपूर्तिकर्तालाई पच्चिस हजार रुपैयाँ भन्दा बढी रकम भुक्तानी गर्दा एकाउण्टपेयी चेक मार्फत गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालयमा कार्यालय सञ्चालन, मर्मत संभार, विविध, मसलन्द, इन्धन लगायतका खर्चको एउटै प्रति वडा विविध खर्च शिर्षकमा रु. ५५०००००/- बजेट विनियोजन गरी रु. ५४८८८८०।- खर्च गरेकोमा एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या अनुसार गरेको पाइएन । साथै नमुना छनौट गरी उक्त खर्चहरुको श्रेस्ता परीक्षण गर्दा सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा एकाउण्टपेयी चेक मार्फत भुक्तानी दिनुपर्नेमा वडाका सचिव लगायतका कर्मचारीहरुले सामान खरिद बापतको रकम स्वयंले नै भुक्तानी लिने गरेको पाइयो । साथै भुक्तानी

लिने पदाधिकारी तथा कर्मचारीहरुले आपूर्तकलाई रकम बुझाएको भरपाईहरु समेत संलग्न राखेको पाइएन । अनुगमन तथा नियन्त्रण गर्नुपर्ने व्यक्तिले स्वयं भुक्तानी लिनाले एकतर्फ खरिद कार्यमा प्रतिस्पर्धा सिमित हुन पुगेको छ भने अर्को तर्फ ति व्यक्तिहरुले नै भुक्तानी लिनुपर्ने स्पष्ट कारण देखिदैन । तसर्थ पालिकाले ऐन तथा नियमावलीको व्यवस्था बमोजिम एकाउण्टपेयी चेक मार्फत सेवा प्रदायक तथा आपूर्तिकर्ताको नाममा भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६३ **मसलन्द तथा कार्यालय सामग्री**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी मार्गदर्शन, २०७७ को मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामाग्री खर्च शिषर्कमा रु. २१८९८७८/- खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो । पालिकाले मसलन्द अन्तर्गत खरिद भएका सामग्रीहरुको जिन्सो दाखिला समेत नगरेकोले खर्चको वास्तविकता एकिन हुन सकेन । सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

६४ **इन्धन खर्चको मापदण्ड**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी मार्गदर्शन, २०७५ मा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वियनमा ल्याउनु पर्ने व्यवस्था गरेको छ । पालिकाले यस वर्ष कार्यालय प्रयोजनार्थ रु. १०७३४००२/- इन्धन खर्च गरेको छ । पालिकाले इन्धन खर्चको मापदण्ड तयार गरेको छैन । अतः इन्धन खर्चलाई मितव्ययी बनाउन कर्मचारी तथा पदाधिकारीको समेत इन्धन कोटा निर्धारण गरी, पूर्णरुपमा स्फटवेयर मार्फत कुपन वितरण गर्नाका साथै मापदण्डको कार्यान्वियन गर्ने तर्फ पालिकाको ध्यान जानुपर्ने देखिएको छ ।

सैद्धान्तिक बेरुजु

६५ **करार कर्मचारी स्थानीय भत्ता**

सामान्य प्रशासन मन्त्रालयको चलानी नं २१७ मिति २०७४/०१/२५ मा जारी गरेको परिपत्रमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७४/०१/२१ को निर्णयानुसार सबै निकायहरुमा एकरुपता कायम हुने गरी स्वीकृत दरबन्दी भित्र करारमा रहेका व्यक्तिहरुलाई मात्र आर्थिक वर्ष २०७४/०७५ बाट लागु हुने गरी कम्तिमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व खर्च र सालबसाली रुपमा एक पटक चैत्र महिनामा पोशाक भत्ता मात्र पाउने व्यवस्था गरी करार सम्झौता गर्न हुन निर्देशन गरेको छ । नगरपालिकाले कार्यपालिकाको निर्णय गरी करार तर्फका कुल ३० जना कर्मचारीलाई स्थानीय भत्ता बापत यस वर्ष रु. ७९२६००/- खर्च लेखेको छ । पालिकाको आन्तरिक आयले प्रशासनिक खर्च समेत व्यहोर्न नसकिएको अवस्थामा पालिकाले यसरी परिपत्र विपरित कार्यपालिका द्वारा निर्णय गरी खर्च गर्दा पालिकालाई थप व्ययभार पर्न गएको छ । पालिकाले कानूनी व्यवस्थाको पालना गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६६ **अन्य निकायको खर्च**

पालिकाले आफ्नो क्षेत्रमा सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका सार्वजनिक संस्थानहरुको खर्च व्यहोर्नु पर्ने अवस्था भएमा उक्त कार्यालयको तालुक मन्त्रालयबाट स्वीकृति प्राप्त गरेपछी मात्र खर्च व्यहोर्नु पर्दछ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसारका कार्यालयहरुलाई निम्नानुसारको खर्चको भुक्तानी दिएको छ । अन्य सरकारी कार्यालयहरुको खर्च तालुक निकायको मन्त्रालयको स्वीकृति बिना पालिकाबाट खर्च गरिएको रकम दोहोरो भए नभएको यकिन गर्न सकिएन । यसरी खर्च गर्दा पालिकाको

आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा समेत असर पर्ने देखिन्छ । यस सम्बन्धी छलफल गर्दा निर्वाचन आयोगको निर्देशन बमोजिम म्यादी प्रहरी व्यवस्थापनको लागि खर्च भएको पालिकाले जनाएको छ । यसरी छुट्टै अस्तित्व र बजेट व्यवस्था भएका देहायका कार्यालयहरुलाई विभिन्न कामको लागि भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

| भौचर नं र मिति | निकायको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| २४-२०७९।०८।२८ | जिल्ला प्रहरी कार्यालय | ट्रस निर्माण | ९५६०००।- |
| ४२४-२०८०।०३।२२ | मालपोत कार्यालय | थ्री फेज विद्युत जडान | १२०७४८।- |
| जम्मा | | | १०७६७४८।- |

सैद्धान्तिक बेरुजु

६७ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १० वटा योजना सञ्चालन गरी यस वर्ष ११० जनालाई १०० दिन रोजगारी उपलव्ध गराई रु. ८२७२०००।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६८ **सोलुखुम्बु बहुमुखी क्याम्पस शैक्षिक पूर्वाधार अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरमा आवधिक, वार्षिक, रणनीतिक योजना बनाई लागू गर्नुपर्ने व्यवस्था छ । ऐनको दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रको बारेमा उल्लेख छ । स्थानीय तहले ११ औँ नगर सभामा शैक्षिक पूर्वाधार अनुदान अनुमोदन गरी सोलखुम्बु बहुमुखी क्याम्पसलाई भवन नर्माण गर्न रु. ७५०००००।– अनुदान उपलब्ध गराएको छ । उक्त क्याम्पसको विधानको परिच्छेद २ को दफा २.१ (छ) मा क्याम्पस मुनाफा रहित गैर नाफामुलक हुने, (ज) मा सामुदायिक क्याम्पसको रुपमा सञ्चालनहुने, (ठ) मा कुनै कारणवश क्याम्पस बन्द भएमा क्याम्पसको अधिनमा रहेको चल अचल सम्पत्ति त्रिभुवन विश्वविद्यालय वा नेपाल सरकारको हुने उल्लेख भएको छ । पालिकाले उक्त क्याम्पस सँगको सम्झौतामा डिपिआर बमोजिमको पूर्वाधार निर्माणमा खर्च गर्न सकिने उल्लेख छ । पालिकाले उपलब्ध गराएको अनुदान सम्झौता बमोजिम तोकिएको कार्यमा सञ्चालन भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६९ **वाङछु मेमोरियल अस्पताल ताप्तिङ**

नेपाल सरकार मन्त्री परिषदबाट मिति २०७८ साल माघ २४ गतेको निर्णयबाट साविक स्वास्थ्य चौकी टाप्टिङलाई १५ शैयाको आधारभूत अस्पतालमा स्तरोन्नती गरी वाङछु मेमोरियल अस्पताल ताप्तिङ कायम गरिएको र सोको नियमित सञ्चालनको जिम्मेवारी नगरपालिकामा रहेको छ । पालिकाले नगरपालिकाको प्राथमिक अस्पताल सञ्चालन कार्यविधि २०७८ अनुसार हिमालयन योक्पु फाउण्डेशनसँगको सहकार्यमा अस्पतालमा जनशक्ती व्यवस्थापन तथा औषधी उपकरण खरिद गरी अस्पताल सञ्चालन भएको पाइयो । पालिकाले यस वर्ष अस्पतालको जनशक्ती व्यवस्थापनमा रु. २७६५१६२।– तथा एक्स रे मेसिन खरिदमा रु. १२०४९४१।– खर्च गरेको छ । यस वर्ष उक्त अस्पतालको आय व्यय तयार गरी लेखापरीक्षणको लागि पेश भएको पाइएन । अतः पालिकाले आफ्नो

मातहतमा रहेको यस अस्पतालको आम्दानी अभिलेखाङ्कन गरी नगरपालिकाको आय व्ययमा समावेश गरी नियमानुसार लेखापरीक्षण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७० **औषधी खरिद**

पालिकाले यस वर्ष सिलबन्दी एवं सोझै खरिद पक्रिया अवलम्बन गरी देहायबमोजिम रु. २४६१२००।- को औषधी खरिद गरेको छ ।

| आपूर्तक | खरिद विवरण | खरिद मिति | भुक्तानी रकम | खरिद विधि |
|---|---|---|---|---|
| | पूँजिगत तर्फ | | | |
| लाफा सर्जिमेड प्रा. लि . | औषधी खरिद | ०८०।२।२२ | ९८९७८४ | सोझै |
| | सर्शत तर्फ | | | |
| लाफा सर्जिमेड प्रा. लि . | औषधी खरिद | ०७९।९।२४ | १३२७२३९ | सोझै |
| लाफा सर्जिमेड प्रा. लि . | औषधी खरिद | ०७९।१०।९ | १४४१७७ | सोझै |
| | कुल जम्मा | | २४६१२०० | |

यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

क) पालिकाले अन्तरगतका विभिन्न स्वास्थ्य संस्थाहरुका लागि माग र आवश्यकताका आधारमा औषधी सम्बन्धी खरिद योजना तर्जुमा गरी स्वीकृत योजना बमोजिम औषधी खरिद गरेमा आदर्शतम् परिमाणमा औषधी खरिद गर्न सकिन्छ । पालिकामा कुन औषधी कति परिमाणमा खरिद गर्ने हो सो सम्बन्धमा कुनै योजना नै तयार नगरी पटक पटक औषधी आपूर्ति गरी विभिन्न शिर्षकबाट रु. २४६१२००/- को औषधी खरिद गरेको देखिन्छ । यसरी पुष्ट्याई सहित आवश्यकता निर्धारण नगरी विभिन्न बजेट शिर्षकबाट औषधी खरिद गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

ख) खरिद गरेका औषधी डब्लु.एच.ओ. सर्टिफाइड भए नभएको सम्बन्धमा एकिन हुन सक्ने अवस्था रहेन । साथै औषधिको उत्पादन मिति ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन भनी खुलाएको प्रमाण समावेश भएको देखिएन ।

ग) आपूर्ति भएका औषधी एवं सर्जिकल सामग्री जिन्सी दाखिला हुनुअघि स्पेशिफिकेशन अनुसार भए / नभएको खुलाएको पाइएन । जसकारण औषधिको गुणस्तर सम्बन्धमा एकिन गर्न सकिएन ।

तसर्थ औषधी खरिदको लागि भण्डारमा रहेको मौज्दात एवं मागमा आधारित योजना तर्जुमा गरी उचित मात्रामा औषधी खरिद गर्ने, तोकिएको गुणस्तर अनुसारकै औषधी प्राप्त भए नभएको एकिन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१ **बोयर बोका तथा बंगुर पालन अनुदान**

७१.१ पालिकाले वोयर जातको बोका खरिद तथा वितरण कार्यक्रम अन्तर्गत पालिकाको ८०% लागत सहभागितामा जुवे अर्गानिक कृषि तथा पशु फर्मबाट ११ वटा वोयर बोकाहरु रु.९९८२५०।– मा खरिद गरी १ समूह र ११ वटा कृषि फर्मलाई वितरण गरेकोमा वोयर क्रसको प्रतिशत तथा ब्रिडिङ रेकर्ड खुलेको छैन । खरिद गरेका वोयर बोकाको अनिवार्य रुपमा स्वास्थ्य परीक्षण गराउनुपर्नेमा गरेको छैन । प्रति के.जी. रु.२७५० का दरले प्रति बोका रु.८४१५०।– देखि रु.९९०००।– सम्ममा खरिद गरेको देखिन्छ। ब्रिडिङ रेकर्ड बिना खरिद भएका वोयर बोकाहरुको मूल्यमा आश्वस्त हुन सकिएन । पालिकाको उन्नत जातको वोयर बोका अनुदान तथा वितरण कार्यविधी, २०७९ मा ४ वर्षसम्म विउ बोका मास्न नपाउने उल्लेख गरेता पनि कृषकहरुसँग कबुलियतनामा गराउनुपर्नेमा गरेको छैन । खरिद गरेका वोयर बोकाहरुको स्वास्थ्य परीक्षण र जातिय शुद्धताको सम्बन्धमा एकिन गरी अनुगमन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७१.२ पालिकाले दलित राम्पा लामसोति सामूहिक बंगुरपालन कार्यक्रम अन्तरगंत राम्पा लामसोति सामूहिक बंगुरपालन समूहलाई बंगुर खरिदका लागी पालिकाको ६०% लागत सहभागितामा रु.४८००००।– भौचर नं४३१ मिति २०८०।०३।२३ मा भुक्तानी दिएको छ । खरिद गरेको बंगुरको अनिवार्य रुपमा स्वास्थ्य परीक्षण र बिमा गराउनुपर्नेमा गरेको छैन ।पालिकाले किसान तथा आफ्नो लगानी सुरक्षित गर्नको लागि अनिवार्य बिमा गारउने व्यवस्था गराउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७२ **अनुदानको अनुगमन**

पालिकाको सहभागीतामा सञ्चालित कार्यक्रम मार्फत कृषकहरुलाई पकेट क्षेत्र कार्यक्रम सञ्चालन गरेपश्चात पालिकाले अनुदानबाट भए गरेका कामको मुल्यांकन र अनुदान वितरणबाट रोजगारी, उत्पादकत्व, राजस्व योगदान र नमुना तथा उत्प्रेरणाको कार्य भए नभएको सम्बन्धमा समिक्षा गरेको पाइएन । साथै स्थानीय तहबाट वितरण हुने अनुदान प्राप्त गर्ने कृषकको नामनामेसि सहितको अभिलेख अध्याविधक गरी नराखेको हुँदा पटक पटक एकै फर्म तथा व्यक्तीलाई अनुदान उपलब्ध भए नभएको सम्बन्धमा एकिन हुन सकेन ।

सैद्धान्तिक बेरुजु

७३ **सामाजिक सुरक्षा तर्फ**

७३.१ नेपालको संविधान बमोजिम नेपाल सरकारले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आँफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको सामाजिक सुरक्षाको प्रत्याभुतिको लागि ज्येष्ठ नागरिक (६८ वर्ष उमेर पुगेका), ६० वर्ष उमेर पुगेका साविक कर्णालीका जिल्लाहरुका नागरिक र देशभरीका दलित नागरिक अन्य जेष्ठ नागरिक, ज्येष्ठ नागरिक एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख आदिवासी/जनजाति र नेपाल सरकारले तोकेको क्षेत्र तथा जिल्ला र देशभरिका दलित परिवारका पाँच वर्ष उमेर ननाघेका बालबालिकालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम त्रैमासिक रुपमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको छ । यस पालिकामा ११ वटा वडा रहेकोमा वडा नं.१ देखि ५ सम्म राष्ट्रिय बाणिज्य बैंक, वडा नं ६ देखि १० सम्म ग्लोबल आइएमइ बैंक र वडा नं ११ को प्राइम कमर्सियल बैंकबाट वितरण गर्दै आएको देखियो । पालिकाले पेश गरेको विवरण अनुसार लक्षित समूह अनुसार गत आ.व. र यस आ.व.को अन्तिम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता वितरण गरेका लाभग्राहीहरुको संख्या यस प्रकार रहेको देखिन्छ:
यस सम्बन्धी तालिका अनुसूची-२ मा छ ।
यस पालिकामा आर्थिक वर्ष २०७८।७९ मा सामाजिक सुरक्षा भत्ता वितरणमा रु.१०८२३२६९२।- खर्च भएकोमा यस आर्थिक वर्षमा रु.१२२१६१९२६।- खर्च भएको देखिन्छ । अघिल्लो आर्थिक वर्षको अन्तिम त्रैमासिकमा वितरण गरेका लाभग्राही संख्या भन्दा यस आर्थिक वर्षको अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्यामा २५६ जना नयाँ लाभग्राहीहरु थप भएको देखिन्छ । अघिल्लो आर्थिक वर्ष को अन्तिम त्रैमासभन्दा ३४६ जना ज्येष्ठ नागरिक भत्ता प्राप्त गर्ने लाभग्राहीहरु बढेको देखिन्छ भने ज्येष्ठ नागरिक दलित र एकल महिलाको संख्या घटेको देखिन्छ । यस आर्थिक वर्ष देखि ६८ वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकलाई ज्येष्ठ नागरिक भत्ताको व्यवस्था गरेको कारणले ज्येष्ठ नागरिक नयाँ लाभग्राहीहरु थप तथा ६८ वर्ष उमेर पुरा भएका ज्येष्ठ नागरिक दलित र एकल महिला भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरु ज्येष्ठ नागरिक लाभग्राहीको समूहमा परिणत भई यस प्रकारका लाभग्राहीहरुको संख्या घटेको भन्ने पालिकाको भनाई रहेको छ ।

सैद्धान्तिक बेरुजु

७३.२ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले निम्नानुसार ३ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै

आएको देखिन्छ। सामाजिक सुरक्षा भत्ता वितरणको लागि बैंकलाई रु.१२२६५७१९९।– निकासा दिएकोमा रु.४९५२७३।– निकासा फिर्ता गरी रु.१२२१६१९२६।– खर्च लेखेको छ । यस आर्थिक वर्षमा बैङ्कलाई दिएको निकासा र Reverse Feed अनुसारको विवरण देहायअनुसार छ ।

यस सम्बन्धी तालिका अनुसूची- २ मा छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७३.३ **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वियनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ । पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक गरेको देखिएन ।

**निस्कृय खाताः** कार्यविधिको बुँदा नं २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने र खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेकोमा सो बमोजिम विवरण प्राप्त गरेको पाइएन । पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

**एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरणः** कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । सो बमोजिम पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७३.४ **बढी भुक्तानी :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधिको बुँदा नं १५ अनुसार भत्ता खाइपाई आएको कुनै व्यक्तिको मृत्यु भएमा मृत्यु भएको दिनसम्मको भत्ता भुक्तानी दिने व्यवस्था गरेको छ । नमुना छनौट गरी वडा नं.५ र ११ को Reverse Feed र मृत्यु दर्ता किताब परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीहरुको मृत्यु पश्चात पनि रकम निकासा भएको देखिएकोले मृत्यु पश्चात निकासा भएको रकम सम्बन्धित बैंकबाट फिर्ता माग गरी सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

यस सम्बन्धी तालिका अनुसूची-२ मा छ ।

अन्य वडाहरुको हकमा पालिका आफैंले परीक्षण गरी बढी भुक्तानी भएको रकम असुल गरी संघीय सञ्चितकोषमा जम्मा गर्नुपर्दछ ।

| असुल गर्नुपर्ने | ७६,६०६ |
|---|---|

७४ **राजस्व नीति कार्यान्वयन**

**राजस्व नीति कार्यान्वयन :** नगरपालिकाले २०७९ -८४ सम्मको लागि तय गरेको ५ वर्षे नीतिमा नगर भित्रका सबै खाले व्यवसायलाई करको दायरामा ल्याउने र करको दायरा वढाउन जनचेतनामुलक र रणनैतिक कार्यक्रम तर्जुमा गर्ने, नगरभित्र सञ्चालित जलविद्युत आयोजना, खानीजन्य तथा क्रसर उद्योग सञ्चालनको लागि छुट्टै मापदणड वनाई नगरपालिकाको दीगो आम्दानीको स्रोतको रूपमा विकास गरिने, राजस्व सँकलन कार्यलाई प्रविधि मैत्री वनाउने उल्लेख गरेको छ । राजस्व सँकलनको अभिलेख राख्ने प्रयोजनको लागि पालिकाले विद्युतीय प्रणालीको सुरूवात गरे तापनि जलविद्युत आयोजना, खानीजन्य तथा क्रसर उद्योग सञ्चालनको लागि छुट्टै मापदणड वनाई राजस्व प्राप्त गरेको देखिएन । सवैखाले व्यवसायलाई करको दायरामा ल्याई कर असुल गर्ने कार्यमा समेत उपलब्धि हुन सकेको देखिएन ।तय गरेको राजस्व नीतिलाई व्यवहारमा लागू गरी राजस्व वृद्धि गर्न पहल गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ७५ स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकन

**स्थानीय तथ्यांक, अभिलेख तथा स्रोत नक्सांकनः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ वमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तरगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा पालिकाको प्रोफाईल तयार गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन वा प्रोफाइल तयार नगरेको विषय गत वर्षको प्रतिवेदनमा औंल्याएकोमा सुधार भएको पाईएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यलाई महत्वकासाथ अगाडि बढाउन आवश्यक छ । तथ्यांक बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ ध्यान जान जरुरी छ ।

सैद्धान्तिक बेरुजु

## ७६ राजस्व अनुमान तथा असुलीको अवस्था

**आन्तरिक राजस्व अनुमान तथा असुली:** यो वर्ष नगरपालिकाले जम्मा रु. २८,३५०,६४९.२१ आन्तरिक आम्दानी गर्ने लक्ष्य राखेकोमा रु २०,२३६,४६८.०० आम्दानी गरेकोले लक्ष्यको तुलनामा (२८.६२ प्रतिशत) घटी आम्दानी गरेको देखियो । बजेट किताबमा रु. ३८६२९५८७।२४ आन्तरिक श्रोत तर्फको आम्दानी अनुमान गरिएकोमा सुत्रमा रु. २८,३५०,६४९.२१ समावेश भएको देखिन्छ । संसोधित अनुमानको आधारमा ७१.३८ प्रतिशत आम्दानी भएतानपी सुरु अनुमानको ५२.३८ प्रतिशत मात्र आम्दानी भएको छ । नगरपालिकाले आफ्नो आयको सबै स्रोतको सम्भावित परिमाण, सङ्ख्या, क्षेत्रफल यकिन गरी सभाले स्वीकृत गरेको दर अनुसार हुने आय यकिन नगरेकोले अनुमानित आय र वास्तविक असुली बीच अन्तर रहेको छ । नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली प्रभावकारी मान्न सक्ने अवस्था देखिएन । आफ्नो क्षेत्रभित्रका करदाताहरुको लगत (म.ले.प.फा. नं. ११२) र करदाताको गोस्वारा लगत फारम (म.ले.प.फा. नं. ११३), तयार गरी करयोग्य आय भएका सवैलाई करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

## ७७ राजस्व आम्दानी तथा अभिलेख

७७.१ **राजश्वको अभिलेख :** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २८ ले राजश्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाले २०७९ पौष १६ देखि राजश्व आम्दानी तर्फ राजस्वको अभिलेख व्यवस्थापनको सफ्टवयरमा दैनिक राजश्व आम्दानी खाता (म.ले.प.फा.नं. १०२), राजस्व आम्दानीको गोस्वारा खाता (म.ले.प.फा. नं. १०५), व्यवस्थित गरे तापनि राजस्व आम्दानीको दैनिक नगद प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०६), राजस्व आम्दानीको दैनिक बैङ्क भौचर प्राप्त गोस्वारा खाता (म.ले.प.फा. नं. १०७) राखेको देखिएन । पालिकाले अनिवार्य रुपमा राख्नुपर्ने खाताहरुको प्रयोग गरी आन्तरिक आयको लेखाङ्कनलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

७७.२ **राजस्व दाखिला:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तर दायित्व ऐन, २०७६ को दफा २७(१) मा कार्यालयले प्राप्त गरेको राजस्व सोही दिनमा भोलिपल्ट दाखिला गर्नु पर्ने उल्लेख छ। वडाबाट लामो समय पछी एकमुष्ठ रुपमा राजस्व दाखिला गर्ने गरेको देखियो। ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७८ **सम्पत्ति तथा व्यवसाय कर**

७८.१ **सम्पत्ति कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ मा पालिकाले अफ्नो अधिकार क्षेत्रभित्र सम्पत्तिकर लगाउन सक्ने व्यवस्था छ । यो वर्ष पालिकाले रु. ५७१५६४९।२१ सम्पत्तिकर प्राप्त हुने अनुमान गरेकोमा रु. ८८८६४ असुल भई अनुमानको तुलनामा १.५५ प्रतिशत प्रगति भएको देखिन्छ । पालिकाले आफ्नो क्षेत्रभित्रका सवै करदातालाई करको दायरा भित्र ल्याउने गरी सम्पत्ति करको अनुमान गरेको देखिएन । सम्भावित सबै करदातालाई समेटी करको अनुमान गर्ने र कर असुली प्रभावकारी वनाई राजस्व बृद्धि गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७८.२ **व्यवसाय कर :** पालिकाको आर्थिक ऐन २०७९ मा नगरपालिका क्षेत्र भित्र कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा कर लगाईने र असुल गरिने उल्लेख छ । यो वर्ष पालिकाले व्यवसाय कर रू. ३०००००।- अनुमान गरेकोमा रु. १४४०००।– असुल गरेको छ । पालिका क्षेत्र भित्र व्यवसाय सञ्चालनमा रहे तापनि सवै व्यवसायलाई करको दायरामा ल्याई व्यवसाय कर प्राप्त गर्न सकेको देखिएन । सबै प्रकार व्यवासायलाई करको दायरामा समावेस गरी व्यवसाय कर उठाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

७९ **नदिजन्य पदार्थ उत्खनन् तथा कर असुली**

**नदीजन्य पदार्थमा कर :** नगरपालिकाको आर्थिक ऐनमा पालिकाले प्रदेश कानूनमा व्यवस्था भए अनुसार नगर क्षेत्रबाट सङ्कलन गरी विक्री गरिने ढुङ्गा, गिट्टि, वालुवामा कर लगाउने उल्लेख गरे तापनि यो वर्ष ढुङ्गा, गिट्टि, वालुवामा कर लगाएको तथा सँकलन गरेको देखिएन । आर्थिक ऐन अनुसार कर सँकलन गर्नु पर्दछ ।

**स्थानीय सामग्री उत्खनन् र विक्रीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) वमोजिम नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको बिक्रि गर्नसक्ने व्यबस्था छ ।

पालिकाले आफ्नो क्षेत्रभित्र रहेको खोला, खोल्सी तथा जमिनबाट सँकलन गर्न सकिने स्लेट, ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको परिमाण यकिन गर्न वातावरणीय प्रभाव मूल्याँकन तथा प्रारम्भिक वातावरणीय परिक्षण गराएको देखिएन। पालिका क्षेत्रभित्र रहेको विभिन्न परियोजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको निशुल्क प्रयोग भई रहेको छ तापनि पालिकाले ती सामग्रीको जिल्ला दरको आधारमा भुक्तानी दिएको छ। निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पालिकाको स्रोत निशुल्क प्रयोग गरी पालिका तथा अन्य योजना व्यवस्थापनबाट रकम भुक्तानी लिने गरे तापनि पालिकालाई सामग्रीको रोयल्टी तथा शुल्क बुझाएको देखिदैन । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुमा प्रदेश कानून बमोजिम कर लगाई आम्दानी वढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सँकलन तथा उपयोग स्थितिलाई व्यवस्थित वनाउने तर्फ ध्यान दिनु पर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

८० **सामुदायिक वनबाट आय**

**सामुदायिक वनबाट आय** – स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्रि तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित पालिकाको संचितकोष जम्मा गर्नुपर्ने उल्लेख छ । पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावर बिक्रि वापत प्राप्त हुने रकम सम्वन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

८१ अनुगमन तथा सुपरीवेक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु. ११ करोड २५ लाख ५६ हजार मध्ये रु. २ करोड ३९ लाख ३५ हजार फर्स्यौट गरी सम्परीक्षणका लागि म्यानुअल/ नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु** को २०७९।८० सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

(रु. हजारमा)

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) opening_beruju | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) current_settled_beruju | यो वर्ष कायम बेरुजू(C) beruju | संपरीक्षणबाट कायम बेरुजू(D) additional_beruju | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) remaining_beruju |
|---|---|---|---|---|---|
| १ | ११२५५६ | २३९३५ | ४७१० | ० | ९३३३१ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : सोलुदुधकुण्ड नगरपालिका, सोलुखुम्बु , सोलुदुधकुण्ड नगरपालिका , सोलुखुम्बु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Purushottam Adikari 151796 | २०७८-९-१७ | २०७९-५-१६ |
| कार्यालय प्रमुख | कोपिला राइ | २०७९-५-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | फुरी लामा | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६१५,७२७ | ३,११५,२२९ | ९७९,४७३ | ० | ० | ० |
| | | | | **जम्मा बेरुजु रकम** | ४,७१०,४२९ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ५८९,३१४ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ६६८६७९९९.२२ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४७७५११४०१.३७ | चालु खर्च | ४०९५०३७०९.०९ |
| प्रदेश सरकारबाट अनुदान | २६०४३६१६ | पूँजीगत खर्च | २१९९९५७९३ |
| राजश्व बाँडफाँट | १०६०८२१०३ | वित्तीय/अन्य व्यवस्था | १३९०२७८६१.०७ |
| आन्तरिक आय | २०२३६४६८ | | |
| अन्य आय | १४५७०१४८८.२१ | | |
| कुल आय | ७७५५७५०७६.५८ | कुल खर्च | ७६८५२७३६३.१६ |
| बाँकी मौज्दात | | ७३९१५७१२.६४ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | आन्तरिक आयतर्फ | राजस्व व्यवस्थापन प्रणाली प्रभावकारी नभएको हुन सक्ने । |
| २ | सहकारी तर्फ | सहकारी संस्थाको सञ्चालन र नियमन प्रभावकारी नहुन सक्ने । |
| ३ | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | पारिश्रमिक तथा बैठक भत्ता भुक्तानी( पदाधिकारी तथा कर्मचारी)मा कानूनी प्रक्रिया पूरा नहुन सक्ने । |
| ४ | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) | चालु खर्च भुक्तानीमा प्रचलित कानून र मापदण्ड पूरा नगरी खर्च गर्न सक्ने । |
| ५ | तालिम र कार्यक्रम खर्च | तालिमको आवश्यक्ता पहिचान, स्वीकृत नर्म्स तथा कार्यक्रम वा तालिम सञ्चालन निर्देशिकाको पालना तथा कार्यक्रमको अनुगमन तथा मुल्याङ्कन नहुन सक्ने । |
| ६ | कृषि तथा पशु विकास कार्यक्रम | विषयगत सशर्त अनुदान तथा अन्तर सरकारी अख्तियारी खर्च गर्दा तोकिएको निर्देशिका पालना नहुन सक्ने । |
| ७ | संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत कार्यक्रम (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा कार्यविधिको पालना नहुन सक्ने संघ र प्रदेशबाट प्राप्त विषयगत सशर्त अनुदान तथा अन्तर सरकारी अख्तियारीको रकम खर्च गर्दा तोकिएको निर्देशिका पालना नहुन सक्ने । |
| ८ | शिक्षा तर्फ | तलब, भत्ता, छात्रवृत्ति, दिवा खाजा तथा पाठ्यपुस्तक रकम दोहोरो तथा बढी निकासा हुन सक्ने, शिक्षकको दरबन्दी र पदपूर्ति, शिक्षक विद्यार्थी अनुपात मिलान नभएको हुन सक्ने, विद्यालय भौतिक पूर्वाधार निर्माण नभएको हुन सक्ने । |
| ९ | सामाजिक सुरक्षा | लाभग्राहीको अभिलेख अद्यावधिक नहुन सक्ने, पेश्की फर्स्यौट र फिर्ता दाखिला नियमानुसार नहुन सक्ने, वितरण प्रकियामा निर्देशिका पालना नहुन सक्ने । |
| १० | स्वास्थ्यतर्फ | औषधी तथा उपकरणको उपलब्धता, गुणस्तर, आवश्यक्तता पहिचान र निःशुल्क वितरणको अवस्था, स्वास्थ्य कार्यक्रम सञ्चालन गर्दा तोकिएको निर्देशिका पालना नहुन सक्ने । |
| ११ | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य गराउने । | अमानत र गैर सरकारी संस्थाबाट कार्य गराउने । उपभोक्ता समितिबाट गरेको खरिद कार्य । |
| १२ | खरिद व्यवस्थापन | मालसमान, निर्माण, परामर्शको सोझै खरिद, सिलबन्दी खरिद लगायत खरिद प्रक्रिया तथा भुक्तानीमा सार्वजनिक कानूनको प्रक्रिया पालना नहुन सक्ने । |
| १३ | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | खरिदमा सार्वजनिक कानूनको प्रक्रिया पालना नहुन सक्ने । |

## बेरूजु दफा ४.२ सँग सम्बन्धित विवरण - अनुसूची -३

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) | ६६८६७९९९.२२ | ६५३३९९०७८.३१ | ६२९४९९५०२.०९ | ७३९१५७१२.६४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६६८६७९९९.२२ | ७९८५८८५०३.१४ | ७९१५४०७८९.७२ | ७३९१५७१२.६४ |
| फरक | ० | १४५१८९४२४.८३ | १६२०४१२८७.६३ | ० |

## बेरूजु दफा २३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| पद | संख्या | भत्ता किसिम | मासिक दर | वार्षिक भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|
| स्काभेटर चालक | १ | जोखिम भत्ता | १५००० | १८०००० | श्रावण देखि |
| ब्याकहो लोडर चालक | १ | जोखिम भत्ता | १४००० | १६८००० | श्रावण देखि |
| रोलर चालक | १ | जोखिम भत्ता | ११००० | १३२००० | श्रावण देखि |
| ट्रिपर चालक | ३ | जोखिम भत्ता | ९००० | ३२४००० | श्रावण देखि |
| नगर प्रमुख तथा उपप्रमुख सवारी चालक | २ | जोखिम भत्ता | १५००० | २१०००० | पौष देखि |
| २ वटा वडा हेर्ने प्राविधिक कर्मचारी | ३ | फिल्ड भत्ता | १०००० | २४०००० | मंसिर देखि |
| नगर प्रहरी | ६ | राशन भत्ता | ५००० | ३६०००० | श्रावण देखि |
| १ वडामा कार्यरत प्राविधिक कर्मचारी | ५ | फिल्ड भत्ता | ४००० | १६०००० | मंसिर देखि |
| नगरपालिकाका प्राविधिक इन्जिनियर | १ | फिल्ड भत्ता | १२००० | ९६००० | मंसिर देखि |
| नगरपालिकाका प्राविधिक सब इन्जिनियर | २ | फिल्ड भत्ता | ११००० | १७६००० | मंसिर देखि |
| जम्मा | | | | २०४६००० | |

## बेरूजु दफा २५ सँग सम्बन्धित विवरण - अनुसूची -५

| भौ नं. | समुहको नाम | भुक्तानी विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| ३७६ | तिनासा भुजेल गुठी | भाँडाकुँडा खरीद | १९२००० |
| ३३१ | लौरेश्वर दलित युवा समाज | भाडावर्तन र साउन्ड सिस्टम खरीद | १९२००० |
| २८९ | मेन्दोपाके दलित समाज | साउण्ड साउण्ड सिस्टम खरीद | १९२००० |
| २३२ | छुल्यामु आमा समूह | फर्निचर निर्माण | २०६८४७ |
| ४४३ | खोलाघारी तामाङ सेवा समाज | भवन वाइरीङ | १२९४१७ |
| ३८० | फाप्लु सामुदायिक संस्था | भाँडाकुँडा खरीद | १९२००० |
| ३७९ | माधवी बाल क्लब | बाल दिवस कार्यक्रम | ११०४०० |
| १८८ | क्षेत्री वाहुन एकता समाज वसन्तवजार | भाँडाकुँडा खरीद | १३४४०० |
| १२९ | जनसुधार सामुदायिक संस्था | भाँडाकुँडा खरीद | १३४४०० |
| ४३३ | पिके हरियाली सामुदायिक संस्था | भाँडाकुँडा खरीद | ९६००० |
| २१२ | प्रभा राई | वडा कार्यालय उद्याटन खर्च | १३४४०० |
| १४६ | फुर्वा शेर्पा | पुल उद्याटन खर्च | ७७४०० |
| | जम्मा | | १७९१२६४ |

## बेरूजु दफा ४१ सँग सम्बन्धित विवरण - अनुसूची -६

| क्र. सं . | कार्यविवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन ५ वटा | वोन्डर्स अर्टेक प्रा. लि . | २०००००० | १९४९५८९ | १९६२४१६४४।९ |
| २ | नागरपालिका भवन | सार्थक इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि . | २०००००० | १७९९४१२ | १५७०९७६५८।६० |
| ३ | सल्लेरी सिलगुढी डाँडा सडक पिच | पार्टिनेट इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि . | १०००००० | ४९१२११ | ६८८०९७४६५।७ |
| | जम्मा | | ५०००००० | ४२४०२१२ | |

## बेरूजु दफा ४५ सँग सम्बन्धित विवरण - अनुसूची -७

| पाईपको साईज | परिमाण मिटर | केजी/ मिटर | जम्मा तौल |
|---|---|---|---|
| ५० एमएम पीएन १० पीई १०० | २००० | ०.५५ | ११००. |
| २० एमएम पीएन १० पीई १०० | २०५० | ०.१३ | २६६.५ |
| ३२ एमएम पीएन १० पीई १०० | ५००० | ०.२३ | ११५०. |
| जम्मा | ९०५० | | २५१६.५ |

## बेरूजु दफा ५१.३ सँग सम्बन्धित विवरण - अनुसूची -८

| कामको विवरण | स्वीकृत परिमाण | भुक्तानी परिमाण | फरक परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| Excavation for foundation for abutment, pie, and wing wall in all types of soil | ४१० | ४५९.८७ | ४९.८७ | २००० | ९९७४० |
| Road and protection work- excavation in foundation in all types of soil | १२०० | १३०६ | १०६ | २०० | २१२०० |
| | जम्मा | | | | १२०९४०।- |
| | भ्याट | | | | १५७२२।२० |
| | कुल जम्मा | | | | १३६६६२।२० |

## बेरूजु दफा ५५ सँग सम्बन्धित विवरण - अनुसूची -९

| सडक खण्ड | भुक्तानी रकम | कैफियत |
|---|---|---|
| बेलीडाँडा साल्मे सडक ट्र्याक ओपन तथा स्तरोन्नती | ९५१००० | ३+८५०-४+ ८०० सम्म चट्टान कटीङ समेतको आइटम राखी ६६२३ . ५० घ.मी भक्तानी |
| लुम्सा खोल्नासा सडक ट्र्याक ओपन तथा स्तरोन्नती | ११४८७०० | ०+२००-१+ ६७५ सम्म माटो कटीङ कार्यको १४७६ . ४६ घ.मी भुक्तानी |

## बेरूजु दफा ५६ सँग सम्बन्धित विवरण - अनुसूची -१०

| भौचर नं र मिति | योजनाको नाम | उ.स./निर्माण व्यवसायीको नाम | परिमाण | सडक विभागको दर विश्लेषण अनुसारको दर | राखेको दर | फरक रकम | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ३३३-२०८०।०२।२३ | केरुङ हेल्थपोष्ट देखि सिसाखोला ग्राभेल सडक | केरुङ हेल्थपोष्ट देखि सिसाखोला उ.स. | ३९९।३१ | ७१।४ | १२७।८३ | ५६।४३ | २२५३३ |
| ३००-२०८०।०२।०२ | नुनथला मा.वि.छात्रावास किचन घर | टाक्सिन्धु मा.वि. | ७४.३१ | ७१।४ | १२७।८३ | ५६।४३ | ४१९३ |
| २८४-२०८०।०१।२४ | बेलीडाँडा-साल्मे सडक ट्र्याकओपन तथा स्तरोन्नती | बेलीडाँडा साल्मे सडक ट्र्याक उ.स. | ५६९६।२१ | ७१।४ | १२७।८३ | ५६।४३ | ३२१४३७ |
| २६०-२०८०।०१।११ | भैपरी आउने योजनाहरु (वडा नं ७ सडक सरसफाई) | खुम्बिला निर्माण सेवा | ९९०।९४ | ८२।११ | १२५ | ४२।८९ | ४८०२६ |
| ३३६-२०८०।०२।२३ | फेदीखोलामा कल्भर्ट तथा ग्यावीन वाल निर्माण | फेदीखोला कल्भर्ट ग्यावीन वाल निर्माण | ११९.७३ | ७१।४ | १२७।८३ | ५६।४३ | ६७५६ |
| ३१०-२०८०।०२।०४ | चट्याङघाट-मेराङदिङ- भित्ताखर्क सडक स्तरोन्नती | चट्याङघाट मेराङदिङ भित्ताखर्क सडक उ.स. | ३७९.०७ | ७१।४ | १२७.८३ | ५६।४३ | २१३९१ |
| ३०८-२०८०।०२।०४ | लुम्सा खोल्नासा सडक ट्याक ओपन | लुम्सा खोल्नासा सडक ट्याक ओपन स्तरोन्नती उ.स. | १४७६.४६ | ७१।४ | १२७.८३ | ५६।४३ | ८३३१७ |
| ३८१-२०८०।०३।१२ | सामुदायिक भवन लाप्चा | सामुदायिक भवन लाप्चा उ.स. | १८५.९१ | ७१।४ | १२७.८३ | ५६।४३ | १०४९१ |
| ३७४-२०८०।०३।११ | साल्मे तोजिङ सडक स्तरोन्नती | साल्मे तोजिङ सडक स्तरोन्नती उ.स. | ६३६.१९ | ७१।४ | १२७.८३ | ५६।४३ | ३५९०० |
| ३५४-२०८०।०२।३२ | मेन्दोपाके- घुन्सा-लाप्चे-सेकारसि सडक स्तरोन्नती | मेन्दोपाके सेकारसि सडक स्तरोन्नती उ.स. | ६४३.२५ | ७१।४ | १२७.८३ | ५६।४३ | ३६२९९ |
| ३२३-२०८०।०२।११ | वडा कार्यालय लुम्सा जुके दिमिल सडक स्तरोन्नती | वडा कार्यालय लुम्सा जुके दिमिल सडक स्तरोन्नती | २९१.८२ | ७१।४ | १२७.८३ | ५६।४३ | १६४६७ |
| २१६-२०८०।१२।१९ | घट्टेखोला पाल्लेफेद भष्मे टोल सडक | घट्टेखोला पाल्लेफेद भष्मे टोल सडक उ.स. | १४११.१६ | ७१।४ | १२७.८३ | ५६।४३ | ७९६३२ |
| | जम्मा | | | | | | ६८६४४२ |

## बेरूजु दफा ५७ सँग सम्बन्धित विवरण - अनुसूची -११

| गो.भौ.नं र मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग भएको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| २८४-२०८०।०१।२४ | बेलीडाँडा साल्मे सडक ट्र्याक उ.स. | वेलीडाँडा साल्मे सडक ट्र्याक ओपन तथा स्तरोन्नती | ९५१५०० | जे.सि.वि. | १०७१०५४ |
| ३१०-२०८०।०२।०४ | चट्याङघाट मेराङदिङ भित्ताखर्क सडक उ.स. | चट्याङघाट मेराङदिङ भित्ताखर्क सडक | १४३८३०० | जे.सि.वि. | ५०८५० |
| ३०८-२०८०।०२।०४ | लुम्सा खोल्नासा सडक ट्र्याक ओपन तथा स्तरोन्नती उ.स. | लुम्सा खोल्नासा सडक ट्र्याक ओपन तथा स्तरोन्नती | ११४८७०० | जे.सि.बि | १९०६८७ |
| २१६-२०७९।१२।१९ | घट्टेखोला पाल्लेफेद भष्मे टोल सडक उ.स. | घट्टेखोला पाल्लेफेद भष्मे टोल सडक | १४४००० | एस्काभेटर | १७१७६० |

## बेरूजु दफा ६१ सँग सम्बन्धित विवरण - अनुसूची -१२

| क्र.सं. | कार्यक्रमको नाम | प्रयोजन | बजेट रकम | खर्च रकम |
|---|---|---|---|---|
| १ | महिला तर्फ | विभिन्न कार्यकम | ५८१८३० | ५३४९३० |
| २ | लैंगिक घरेलु हिंसा सम्बन्धी कानूनी प्रक्रिया कार्यक्रम | लैंगिक घरेलु हिंसा सम्बन्धी कानूनी प्रक्रिया कार्यक्रा | २५०००० | २४०००० |
| ३ | गोदावरी दलित सामाजिक संस्थालाई भाँडाकुँडा खरिद | भाँडाकुँडा खरिद | १००००० | १००००० |
| ४ | नेतृत्व विकास तथा महिला सशक्तीकरण सम्बन्धि अभिमुखीकरण कार्यक्रम सञ्चालन | नेतृत्व विकास कार्यक्रम | ३००००० | १९८००० |
| ५ | बालश्रम मुक्त नगरपालिका घोषणा सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि तथ्याङ्क संकलन | तथ्यांक संकलन कार्यक्रम | ४५०००० | ४३२००० |
| ६ | खेलकुद आयोजना कार्यक्रम | जिल्ला खेलकुद विकास समिति,सोलुखुम्बु जिल्ला व्याडमिन्टन संघ अनुदान, राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम | २५००००० | २४१७००० |
| ७ | औषधि खरिद | पशुजन्य औषधि खरिद | ५००००० | ४६२८८० |
| ८ | अन्तरक्रिया कार्यक्रम सञ्चालन (सहकारी संस्था, महिला समिति) गैर सरकारी संस्था | अन्तरक्रिया कार्यक्रम | १००००० | ६०७७० |
| ९ | अपांग तर्फ | विभिन्न कार्यक्रम, बैठक भत्ता | १५००००० | १३६१०६४ |
| १० | प्रदेश नं १ स्तरीय प्रथम बुद्धशान्ति अध्यक्ष कप जुनियर तोक्वानदो प्रतियोगिता खेलाडी सहभागिता | सोलुखुम्बु जिल्ला तेक्वान्दो संघ | १३०००० | १२४८०० |
| ११ | अन्तर-राष्ट्रिय महिला दिवस तथा राष्ट्रिय महिला दिवस तथा राष्ट्रिय महिला मानव अधिकार दिवस | महिला दिवस र नारी दिवस कार्यक्रम | ३००००० | १९८९५० |
| १२ | संघ संस्था सहयोग कार्यक्रम | विभिन्न संघसंस्था सहयोग तथा विभिन्न कार्यक्रम | २०००००० | १५९३१९० |
| १३ | अन्तर पार्टी महिला सञ्जाल | जातीय पोषाक खरिद अनुदान | ५००००० | ४७९६०० |
| १४ | उन्नत जातको तरकारी बिउ बिजन तथा औषधी खरिद | विउ विजन तथा औषधी खरिद | १०००००० | ८९४२४० |
| १५ | लैङंगिक हिंसा प्रभावित महिला तथा बालबालिकाका लागि अल्पकालीन सेवा केन्द्र सञ्चालन | घरेलु हिंसा प्रभावितका लागि जिल्ला सेवा केन्द्र (घरभाडा,केन्द्र प्रमुख र चौकिदार पारिश्रमिक) | १५०००० | १४४००० |

## बेरूजु दफा ७३.१ सँग सम्बन्धित विवरण - अनुसूची -१३

| लक्षित समूह | आ.व.२०७८।७९ को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या | आ.व.२०७९।८० को अन्तिम त्रैमासिकमा भत्ता वितरण गरेका लाभग्राहीको संख्या | मासिक भत्ता दर रु. |
|---|---|---|---|
| ज्येष्ठ नागरिक | १५३३ | १८७९ | ४००० |
| अन्य ज्येष्ठ नागरिक | १२६ | १२५ | २६६० |
| ज्येष्ठ नागरिक (एकल महिला) | ३५२ | २६५ | २६६० |
| विधवा | ४२८ | ४४१ | २६६० |
| पूर्ण अपाङ्ग क वर्ग | ८९ | ८९ | ३९९० |
| आंशिक अपांग ख वर्ग | १९२ | १९२ | २१२८ |
| बालबालिका | २५३ | २३८ | ५३२ |
| जम्मा | २९७३ | ३२२९ | |

## बेरूजु दफा ७३.२ सँग सम्बन्धित विवरण - अनुसूची -१४

| बैंकको नाम | निकासा रकम | रिभर्स फिड अनुसार खर्च रकम | बाँकी रकम | फिर्ता रकम | कैफियत |
|---|---|---|---|---|---|
| राष्ट्रिय वाणिज्य बैंक लि. | ४५२८७२६९ | ४५०६४६१३ | २२२६५६ | ४९५२७३ | Reverse Feed मा रु . ११८८१६।– ( १ जनाको खाता नं पुरा नभएको र १२ जनाको खाता नं १ , २ , ३ ,.... मात्र उल्लेख भएकोले ) रकम खर्च रकममा समावेश नगरिएको |
| ग्लोबल आइमइ बैंक लि. | ५८२३६१०१ | ५८१७५४८० | ६०६२१ | ५३२८२५ | मिति २०८०।०४।१८ को भौचर नं५१२२४९७८बाट रु. १५२६१७६ फिर्ता गरेकोमा गत आ . व . को रु . ९९३३५१ र यस आ . व . को रु . ५३२८२५ समावेश |
| प्राइम कमर्सियल बैंक लि. | १९१३३८२९ | १९१११८७५ | २१९५४ | ३३९५४ | मिति २०८०।०६।०७ मा फिर्ता |
| | १२२६५७१९९ | १२२३५१९६८ | | | |

## बेरूजु दफा ७३.४ सँग सम्बन्धित विवरण - अनुसूची -१५

| परिचयपत्र नं. | नाम | ना.प्र.नं | मासिक भत्ता दर | मृत्यु/लगत कट्टा मिति | विवरण | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| वडा नं ५ | | | | | | |
| 2007032901319 | शिव प्रसाद कोइराला | 275146071665 | ४००० | २०७९।१२।१५ | तेस्रो त्रैमासिक सम्म पुरै भुक्तानी | २००० |
| 2007081901624 | पासाङ दावा तामाङ | 11017301690 | ४००० | २०८०।०३।०६ | अन्तिम त्रैमासिक सम्म पुरै भुक्तानी | ३२०० |
| 2018123053803 | सोमु तामाङ | १२२६-५९१ | ३९९० | २०७९।०९।२५ | अन्तिम त्रैमासिक सम्म पुरै भुक्तानी | २४६०५ |
| वडा नं ११ | | | | | | |
| 1998123049854 | दल ब.घर्ती मगर | 356559120 | ४००० | २०७९।१०।०७ | अन्तिम त्रैमासिकसम्म पुरै भुक्तानी | २३०६७ |
| 2008122702732 | भुपध्वज कार्की | 73459942396 | ४००० | २०७९।११।०७ | तेस्रो त्रैमासिक पुरै भुक्तानी | ७०६७ |
| 1951051400011 | छलिमाया बस्नेत | ७८।१२५५९।१८०५ | ४००० | २०७९।०९।३० | तेस्रो त्रैमासिक पुरै भुक्तानी | १२००० |
| 1998123049813 | खुम्ब ब.कटुवाल | 41311091785 | ४००० | २०८०।०२।२५ | अन्तिम त्रैमासिक पुरै भुक्तानी | ४६६७ |
| जम्मा | | | | | | ७६६०६ |

## बेरूजु दफा ७६ सँग सम्बन्धित विवरण - अनुसूची -१६

| क्र.सं. | राजस्व संकेत | आम्दानी शीर्षक | अनुमान | यस महिना सम्मको आम्दानी | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ११३१४ | भुमिकर/मालपोत | ११,६५०,०००.०० | ८,९१४,५७५.१७ | ७६.५१ |
| २ | ११३२१ | वहाल कर | ४००,०००.०० | २,१३८,२४८.२१ | ५३४.५६ |
| ३ | ११३२२ | वहाल विटौरी कर | ३५०,०००.०० | ३३१,२८५.७२ | ९४.६५ |
| ४ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३००,०००.०० | १४४,०००.०० | ४८ |
| ५ | ११६३२ | अखेटोपहारमा लाग्ने कर | १००,०००.०० | १००,०००.०० | १०० |
| ६ | १४१५१ | सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय | ५,७१५,६४९.२१ | ८८,८६४.०० | १.५५ |
| ७ | १४२१८ | विद्युत सेवा शुल्क | ५००,०००.०० | १५०,०००.०० | ३० |
| ८ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ३००,०००.०० | ३९३,०००.०० | १३१ |
| ९ | १४२२१ | न्यायिक दस्तूर | ५०,०००.०० | ४,४००.०० | ८.८ |
| १० | १४२२४ | परीक्षा शुल्क | ३०,०००.०० | २७,६००.०० | ९२ |
| ११ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | २००,०००.०० | ० | ० |
| १२ | १४२४२ | नक्सापास दस्तुर | १,५००,०००.०० | ३६२,२०१.५३ | २४.१४ |
| १३ | १४२४३ | सिफारिश दस्तुर | १,०५०,०००.०० | २,०१२,२४५.०९ | १९१.६४ |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २००,०००.०० | ३६५,९००.०० | १८२.९५ |
| १५ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ५००,०००.०० | ७७५,०००.०० | १५५ |
| १६ | १४२५४ | रेडियो/ एफ.एम.सञ्चालन दस्तुर | १००,०००.०० | १५,०००.०० | १५ |
| १७ | १४२६५ | अन्य क्षेत्रको आय | ५,४००,०००.०० | ४,४१४,१४८.२८ | ८१.७४ |
| १८ | १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ५,०००.०० | ० | ० |
| जम्मा | | | २८,३५०,६४९.२१ | २०,२३६,४६८.०० | ७१.३८ |



https://nams.oag.gov.np